ISSN 2091-1629

मूल्य रु. ४५/-

गौरी मासिक

GAURI MASIK

वर्ष १९, अङ्क ४, २०८० पुस, पूर्णाङ्क २५२

चुनिखेल भैरव तस्विर

(जयवागेश्वरी मन्दिर, पशुपति)

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
द्वारा प्रवर्द्धित
STC ग्याँस
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
- ISI स्टाण्डर्डको भित्र बाहिर रबर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुनः प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्युटर प्रविधिबाट चल्ने प्लान्ट, तौलमा सोहै आना दुक्क हुनुहोस्
गृहिणी
चामल
साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरू


एक करोड गीतादान महाअभियान
सहभागी हुन इच्छुक महानुभावहरूलाई
हार्दिक स्वागत गर्दछौं ।
सहभागीताको लागि:
एक करोड गीतादान महाअभियान
New Baneshwor, Kathmandu, Nepal
Tel.: +977-01-4104316/6638000
E-mail: 1karodgeetadan@gmail.com
Facebook: Karod Geeta Dan
Website: www.ushaeduhouse.com
मूल्य: स्वविवेक
9 789937 122801
श्रीमद्भगवद्गीता
(नेपाली भावार्थसहित)
दोस्रो संस्करण
श्रीमद्भगवद्गीता
(नेपाली भावार्थसहित)
विष्णु सहस्रनाम सहित
दोस्रो संस्करण
विश्व कल्याण र धर्म संरक्षणको लागि
ॐ एक करोड गीतादान महाअभियान

संवित परामर्श मण्डल

आबाल ब्रह्मचारी कविराज देवराज आचार्य

प्रा. शिवगोपाल रिसाल

डा. बिनु बाबा अर्याल

सल्लाहकार

श्रीमती गङ्गा कार्की

श्रीमती माधवी नेपाल

श्रीमती शिवा रिमाल

श्रीमती सीता श्रेष्ठ, खड्का

श्रीमती कमला बस्नेत

श्री नवराज लामिछाने

श्री मोहन चौधरी

प्रकाशक/सम्पादक

अर्जुन लामिछाने (९८५१०५३६०१)

व्यवस्थापक

बिदुरप्रसाद अधिकारी

सहयोगी

बिनीता पाठक

पार्वती सेढाईं

साजसज्जाः

बिपीन सोडारी (९८४९८५६२१०)

मुद्रकः किशोर अफसेट प्रेस

अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो।

एक प्रतिको रू. ४५/-

वार्षिक सदस्यता शुल्क रू. ५००/-

आजीवन सदस्यता शुल्क रू. ५,०००/-

ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुऱ्याइ पुण्य कमाउनुहोस्।

यस पत्रिकामा प्रकाशित लेख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक

कार्यालय

भुवनेश्वरीमार्ग, पशुपति, काठमाडौं

फोन नम्बर- ९८०३८८८६६७, ९८०३०९२४१७

इमेलः- gauri_2062@yahoo.com / masikgauri@gmail.com

वितरक

विश्व स्वतन्त्र संचार

नयाँबानेश्वर, काठमाडौं, फोन नं.ः ९८५१०३०९७२

कर्णाली प्रदेशः सुर्खेत ९८६८८९२३४७ (चैतेजी)

सुदुर पश्चिम कैलाली ९८४९९०३०३३ (हरिजी)

नेपालगञ्जः ९८४८०९५०५९ (गङ्गादास)

वाग्मति प्रदेश हेटौंडाः ९८४५३००६०५

देवघाटधाम, तनहुँ ९८५१०३०९७२

मधेश प्रदेश बर्दिवासः ९८४९२१६२५५

कोशी प्रदेशः ९८०३०९२४१७ (लेखनाथ)

जि. प्र. का. द. नं. ५२/०६२/०६३

हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया।
तथा मां कुरु कल्याणि कान्तकान्तां सुदुर्लभाम्॥

वर्ष १९, अङ्क ४, २०८० पुस, पूर्णाङ्क २१२

पुस २०८०

आइतबार	१	८	१५	२२	२९
सोमबार	२	९	१६	२३	गौरी
मंगलबार	३	१०	१७	२४	गौरी
बुधबार	४	११	१८	२५	गौरी
बिहिबार	५	१२	१९	२६	गौरी
शुक्रबार	६	१३	२०	२७	गौरी
शनिवार	७	१४	२१	२८	गौरी

गौरीको अनुरोध.....!

यस गौरी मासिकको बार्षिक या आजीवन सदस्यता लिएर पनि पत्रिका नपाउनु भएका पाठकवृन्दहरूले कार्यालयमा सम्पर्क गरी छुटेका पत्रिकाहरू संकलन गर्नुहुन अनुरोध छ।

कार्यालयः भुवनेश्वरी मार्ग, पशुपति

सम्पर्कः ९८४१५३३७८७, ९८०३८८८६६७ ९८५१०५३६०१

श्रीमद्भागवतमहापुराण

तत्त्वहरूको सङ्ख्या र प्रकृतिपुरुषविवेक

अघिल्लो अंकबाट क्रमशः

परमात्मा पञ्चभूतहरूबाट देह आदिको सृष्टि गरेर त्यसमा जीवरूपले प्रवेश गर्छन् जुन तत्त्वज्ञले केवल चार नै तत्त्व स्वीकार गर्छन् । तिनका मतमा आत्माबाट तेज, जल र पृथ्वीको उत्पत्ति भएको हो र जगत्मा जति पनि पदार्थ छन्, सबै यिनैबाट उत्पन्न हुन्छन् । अतः यिनका मतमा तत्त्वहरूको सङ्ख्या चार भयो । जसले तत्त्वहरूको सङ्ख्या सत्र भनेका छन्, उनीहरूले पाँच भूत, पाँच तन्मात्राहरू, पाँच ज्ञानेन्द्रियहरू, एउटा मन र एउटा आत्माको क्रमले गणना गर्छन् । तत्त्वहरूको सो सङ्ख्या भन्नेले आत्मामा मनको समावेश गर्छन् । जसले तेह्र तत्त्व मान्दछन्, उनले पाँच भूत, पाँच ज्ञानेन्द्रियहरू, मन, जीवात्मा र परमात्मा यिनलाई नै तत्त्व भन्छन् । एघार तत्त्व मान्नेले पाँच भूत, पाँच ज्ञानेन्द्रियहरू र एउटा आत्माको नै अस्तित्व स्वीकार गर्छन् । जसले नौ तत्त्व मान्दछ उसले आकाशादि पाँच भूत, मन, बुद्धि, अहङ्कार र नवौँचाहिँ पुरुष यिनैलाई तत्त्व मान्दछन् । उद्धव ! यसरी ऋषिमुनिहरूले भिन्नाभिन्नै प्रकारले तत्त्वहरूको गणना गरेका छन् । सबैको भनाइ उचित नै छ किनभने सङ्ख्या सबैको युक्तिसङ्गत नै छ । तत्त्वज्ञानीहरूले कुनै पनि मतमा दोष देख्दैनन् ।

उद्धवले पुनः सोधे- भगवन् ! प्रकृति र पुरुष दुवै एकअर्कासित सर्वथा भिन्न छन्, तापनि तिनीहरू आपस्तमा यसरी मिलेका छन् कि साधारणतया तिनीहरूको भेद थाहा हुन्न । यिनीहरूको भिन्नता स्पष्ट कसरी हुन सक्छ ? यिनीहरूको भिन्नता र अभिन्नतालाई लिएर मेरा मनमा साह्रै ठूलो सन्देह छ । हजुर नै मेरो यस सन्देहलाई निवारण गर्न सक्नुहुन्छ । भगवान्ले भन्नुभयो- उद्धव ! प्रकृति र पुरुष, शरीर र आत्मा यी दुवैमा आत्यन्तिक भेद छ । यस जगत्मा जन्ममरण एवम् वृद्धिह्रास आदि विकार लागेरै रहन्छन् । कारण यसको स्थिति यो छ कि संसारको सृष्टि गुणहरूका क्षोभले नै भएको छ । मेरो माया त्रिगुणात्मिका छ । गुणहरूले अनेक प्रकारका भेदप्रवृत्तिहरू पैदा गर्छन् ।

सृष्टि तीन भागमा बाँडिएको छ- अध्यात्म, अधिभूत र अधिदेव । नेत्रेन्द्रिय अध्यात्म, त्यसको विषयरूप अधिभूत र नेत्रगोलकमा स्थित सूर्यदेवताको अंश अधिदेव हो । यी तीनै परस्परमा एउटा अर्काको आश्रयले सिद्ध हुन्छन् । यस कारण अध्यात्म, अधिदेव र अधिभूत तीनैओटा परस्परमा सापेक्ष छन् । तर आकाशमा स्थित सूर्यमण्डल यी तीनओटैका अपेक्षादेखि मुक्त छ किनभने त्यो स्वतःसिद्ध छ । यसै गरी आत्मा पनि माथि भनिएका तीनओटै भेदहरूको मूलकारण, उनको साक्षी र उनीदेखि पर छ । उही आफ्नो प्रकाशले सम्पूर्ण सिद्ध पदार्थहरूको मूल सिद्धि हो । उसकैद्वारा सबैको प्रकाश हुन्छ ।

जसरी नेत्रको तीन भेद भनिए त्यसै गरी त्वचा, श्रोत्र, जिह्वा, नासिका र चित्त आदिका पनि तीनतीन भेद छन् । प्रकृतिबाट महत्तत्त्व बन्दछ र महत्तत्त्वबाट अहङ्कार । यसरी अहङ्कार प्रकृतिको नै एउटा विकार हो । यो अहङ्कार नै अज्ञान र सृष्टिको विविधताको मूलकारण हो । आत्मा ज्ञानस्वरूप छ । उसको यी पदार्थहरूसित न त कुनै सम्बन्ध छ न यसमा विवादको नै कुनै कुरा छ । विवादको मूल कारण त भेददृष्टि हो । जुन मानिस मदेखि विमुख छन्, तिनीहरू यस व्यर्थको विवाददेखि मुक्त हुन पाउँदैनन् । उद्धवले सोधे- भगवन् ! जीव पुण्य र पापहरूका परिणामस्वरूप अनेक योनिहरूमा आउँदैजादै गर्छन् । व्यापक आत्माको एउटा शरीरदेखि अर्को (दोस्रो) शरीरमा जानु, अकर्ताले कर्म गर्नु र नित्य वस्तुको जन्ममरण कसरी सम्भव छ ? कृपा गरेर हजुरले यसको आन्तरिक रहस्य बुझाइदिनुहोस् ।

भगवान् श्रीकृष्णले भन्नुभयो- उद्धव ! मनुष्यहरूको मन कर्मसंस्कारहरूको एउटा पुञ्ज (रास) हो । त्यो नै कर्महरूका अनुसार एउटा शरीरबाट अर्को शरीरमा र एउटा लोकबाट अर्को लोकमा आइगइरहन्छ । आत्मा शरीरदेखि सर्वथा पृथक छ, तर जसै त्यसले आफूलाई शरीर सकिन्छ (ठान्दछ) अनि त्यसलाई पनि आफू आएगएको प्रतीत हुन थाल्छ ।

क्रमशः

सम्पादकीय

चिसोबाट जोगिने प्राकृतिक उपाय

पुस माघ महिनाको चिसोले नसताउने प्रायः कमै मानिस होलान् । चिसोका कारण धेरै मानिसको मृत्यु समेत हुने गरेको छ । आधुनिक यन्त्र उपकरण या औजारको प्रयोग गरेर मात्र होइन प्राकृतिक जीवनशैली अपनाएर पनि हामी सजिलै चिसो मौसमबाट बच्न सक्दछौँ । हाम्रा पुर्खाले हामीलाई यस विषयमा प्रसस्त मार्गदर्शन गर्नुभएको छ ।

विशेष गरी पुस महिना सूर्योपासनाको महिना हो । सूर्य नारायणको उपासना/आराधना गर्न सूर्य नमस्कार, सूर्य मन्त्र, सूर्य अर्घ्य एवम् सूर्य प्राणायामको माध्यम अपनाउन सकिन्छ । योग, उपासना र साधनाको माध्यमबाट बाहिरी र भित्री दुवै शरीर मजवुत हुन्छ । निरन्तर साधना गर्ने व्यक्तिको शरीरका भागहरू बिज्ने, पोल्ने, निदाउने या खुम्चिने हुँदैन । बाहिरी शरीरभन्दा भित्री शरीर (शुक्ष्म शरीर) अझ महत्त्वपूर्ण हुन्छ । भित्री शरीरलाई मन्त्र, प्राणायाम, ध्यान र सकारात्मक विचारको माध्यमले बलियो बनाउन सकिन्छ । सूर्य प्राणायामको माध्यमले हाम्रो शरीरमा प्रचूर मात्रामा उष्णताको वृद्धि हुने गर्दछ । यही सूर्य प्राणायामको माध्यमबाट हाम्रा ऋषि महर्षिले केवल कछाड मात्र लगाएर हिमालमा आनन्दसँग बस्न सकेका थिए ।

योग, ध्यान र प्राणायाम मात्र होइन प्राकृतिक खानपानले पनि चिसोबाट बचाउन ठूलो मद्दत गर्दछ । जाडो समयमा जठराग्नी कमजोर हुने भएकोले घिउ, चाकु, खिचडी, तिलको लड्डु, ज्वानो, क्याल्सियमयुक्त खाद्यान्न सेवन महत्त्वपूर्ण हुन्छ । त्यसैले पुस पन्ध्रमा लड्डे, माघे सङ्क्रान्तिमा घिउ, चाकु तथा खिचडी जस्ता गरिष्ठ भोजन सेवन गर्ने परम्परा रहेको हो । हिजोआज मानिस खान नपाएर भन्दा पनि खान नजानेर बढी बिरामी र कमजोर भैरहेका छन् । तसर्थ प्राकृतिक जीवनशैली अपनाई निरोगी र स्वस्थ बनौं । **अस्तु**

यसभित्र

अविच्छिन्न

श्रीमद्भागवत महापुराण २

सम्पादकीय ३

कविता

कविभावना ठाकुर शर्मा, भण्डारी ४

गीताज्ञान

सांख्ययोग आचार्य खेमराज केशवशरण ५

आध्यात्मिक वार्ता

भक्तहरूसँग..... श्रीमहेन्द्रनाथ गुप्त श्री 'म' ७

पर्व विशेष

गीतामा जीवन.. आचार्य ढुण्ढिराज न्यौपाने १०

समसामयिक

सूर्य सत्यरूप हो उपप्रा. डा. विनुबाबा अर्याल ११

चिन्तन

गीताको एकादश... डा. कान्ता भट्टराई १७

समय सन्दर्भ

पृथ्वीनारायण शाहको.... हरिप्रसाद सोडारी २२

इतिहास

श्रीजयवागेश्वरी.. शङ्करमान भण्डारी २९

गौसेवा

गाईपालक र .... लिखिराम थारू ३२

संस्मरण

आठ वर्ष पछिको .... कमला श्रेष्ठ ३३

गतिविधि ३५

कविभावना

ठाकुर शर्मा भण्डारी

मान्छे हौँ यदि देशको प्रगतिमा गम्भीर बन्ने भए
छोडौँ त्यो अभिमान, मान खतिका तस्वीर तोड्ने भए
भाका शान्ति भनी भनाइ रसिलो पारेर के हुन्छ र !
देखिन्छन् सब देखिने जति यहाँ ठग्ने कुरा लुक्छ र ! ।१।

यो हो देश जहाँ पुरा प्रगतिमा सर्वोच्च हो पालक
नेपाली जनता कतैतिर नभै अस्तित्व हो चालक
खै ! त्यो दिव्य समाज खै ! ऋषिमयी वाक्यांशका धारक
चल्दैनन् विधि-साधना किन यहाँ ? बुझ्दैन खै ! नायक ।२।

आफ्नै पौरखमा सदा गति दिने संसारको साथमा
राम्रो काम भए सुधार गतिले चल्नेछ विश्वासमा
सिर्जिन्छन् नव धारणा सुरभिमा सौन्दर्य साथै रहे
बर्सिन्छन् नव सिर्जना नव विधा सेवामुखी बन्दिए ।३।

आकाङ्क्षा सब खोल्दछन्, जनमुखी बन्दै कुरा बोल्दछन्
बोलीको गरिमा कतातिर गयो ? आस्था सबै पोल्दछन्
अन्धो सोच भए विकार गतिमा चल्नेछ बाह्यान्तर
'आगोले वन मासिएसरि' यहाँ मासिन्छ है आखिर ।४।

आस्था जे छ समाजमा सब कुरा मान्छे भए चल्दछन्
हाम्रा संस्कृति, चेतना सहृदयी सद्भावमा खुल्दछन्
छन् आचार-विचार पूर्णसँगमा भेट्छौँ पुरा सभ्यता
झुल्किन्छन् सब मार्गमा विविधता देखिन्छ सम्भाव्यता ।६।

'राम्रो काम गरौँ' पुरा कथन हो सम्पूर्णको चाह हो
माया मात्र जगाउने प्रगतिमा सौन्दर्यको सार हो
आस्था-भाव जगाउने श्रमिक झैँ आए सबै खुल्दछ
बाधा-विघ्न हटाउने गति भए 'मान्छे' त्यहाँ मिल्दछ ।५।❖

-कामनपा ४, धुम्बाराही काठमाडौँ

गीता द्वितीय अध्याय

सांख्ययोग



–आचार्य खेमराज केशवशरण

दुःखेष्वनुद्विग्नमनाः सुखेषु विगतस्पृहः।
वीतरागभयक्रोधः स्थितधीर्मुनिरुच्यते।५६।

अन्वयः दुखेषु, अनुदिग्नमना सुखेषु विरातस्मृहः वीतराग भयद्रोध, स्थितधीः मुनिः उच्यते॥

सरलार्थः दुःखहरू आइपर्दा जो आत्तिदैन, सुखहरूप्रति जसको मनमा चाहना हटिसकेको छ, रीस, राग र डर जसको हटिसकेको छ, त्यस्ता महामानवलाई स्थितप्रज्ञ मुनि भन्दछन्।

भावार्थचन्द्रिकाः सिद्ध अवस्थामा साधकलाई सुखहरू प्राप्त हुने सम्भावना भएमा र प्राप्त नै भएमा पनि कुनै विशेष चाहनाले मन विचलित हुँदैन र दुःख आइपर्ने लक्षण देखा पर्न लाग्दा र दुःखले घेरिनै सक्दा पनि ऊ विचलित नभई परमात्माको सेवारूप आफ्नो अध्यवसायमा अचल भावले समर्पित बनी रहेको हुन्छ। चिताएको भन्दा विलकुलै उल्टो प्रतिकूल अवस्था आइपर्नु, नाफाको आशा गरिएकोमा नोक्सान हुनु, अपमान, तिरस्कार आइलाग्नु, कुनै प्रिय व्यक्ति वा पदार्थको वियोग हुनु, यी दुःखका निमित्त हुन्; यिनमा पनि जो चलायमान नभई रहन सक्दछ र चिताएको पुग्नु, नाफा हुनु, मानसम्मान बढ्नु, प्रिय व्यक्तिसँग संगम हुनु, यी र यस्तै अन्य अनुकूल स्थितिहरू सुखका निमित्त हुन्छन्। ती प्राप्त हुँदा पनि स्थितप्रज्ञ बनेको सिद्ध व्यक्तिलाई तिनले विचलित पार्न सक्दैनन्।

सांसारिक सुखसाधनहरूप्रति आसक्तिरूप 'राग' र आफ्ना अभीष्ट बस्तुहरूको कसैले नाश गरिदेला, विछोड गराइदेला, चोट पटक लाग्ला इत्यादि सोचाइबाट साधारण मानिसको मनमा डर पैदा हुने गर्दछ। आफ्नो अभीष्ट वस्तुको प्राप्तिमा वा प्राप्त वस्तुको विनाशमा कारक बन्ने अनिष्ट कर्तालाई बदला दिने भावनाबाट मानिसमा क्रोध पैदा हुन्छ। परन्तु स्थितप्रज्ञ बनिसकेको सिद्ध व्यक्तिमा राग, भय र क्रोध यी तीनै विकारहरू शान्त भइसकेका हुन्छन्। त्यस्तो सिद्धावस्थामा पुगेको साधक अनासक्त, निर्भय, अक्रोध बन्न पुगिरहेको हुन्छ। यस्तैलाई 'मुनी' कहलाउँछ।

यः सर्वत्रानभिस्नेहस्तत्तत्प्राप्य शुभाशुभम्।
नाभिनन्दति न द्वेष्टि तस्य प्रज्ञा प्रतिष्ठिता।५७॥

अन्वयः यः सर्वत्र अनभिस्नेहः, तत् तत् शुभाशुभं प्राप्य न अभिनन्दति, न द्वेष्टि तस्य प्रज्ञा प्रतिष्ठिता।

सरलार्थः जो प्रियभन्दा प्रिय व्यक्ति, पदार्थ अथवा परिस्थितिप्रति कहिल्यै आसक्ति राख्दैन, जो राम्रोभन्दा राम्रो कुरा प्राप्त हुँदा पनि हर्षित हुँदैन र नराम्रोभन्दा नराम्रो परिस्थिति आइपर्दा पनि दिक्क हुँदैन त्यसको प्रज्ञा (बुद्धि) प्रतिष्ठित हुन्छ।

भावार्थचन्द्रिकाः भौतिक वस्तुहरूमा कुनै पनि अपरिवर्त्य हुँदैन। संसारको संरचना यिनै परिवर्तनशील वस्तुहरूले भरिएको छ। आत्मा अपरिवर्त्य छ। परमात्मा अपरिवर्त्य हुनुहुन्छ। परम सत्यरूप परमात्मामा जसको दृष्टि केन्द्रित भइसकेको हुन्छ, जो परमात्मालाई आफ्नो जीवनको लक्ष्य ठान्दछ, ऊ कुनै वस्तु प्राप्त हुँदा न खुशी नै हुन्छ, न त कुनै वस्तुसँग विछोड हुँदा दुःखी नै हुन्छ। कुनै पनि वस्तु, व्यक्ति परिस्थिति सधैं एक रूपले रहँदै रहँदैन।

विश्वमा एकमात्र अपरिवर्त्य, अविनाशी सत्ता केवल परमात्माको रहन्छ, जो सदा एकरस, अखण्ड, अच्छेद, परिवर्तन रहित, परमसुख रूपमा विराजमान रहन्छ। परमात्माको आराधनामा हृदयदेखि नै समर्पित रहेको साधक आफूलाई परमात्माको अंशको रूपमा अनुभव गर्दछ। यस स्वरूपप्रति नै निष्ठावान् रहेको साधकलाई संसारको कुनै पनि परिवर्तनशील पदार्थ, व्यक्ति वा परिस्थितिप्रति न त यश नै हुन्छ, न त द्वेष नै। प्रियभन्दा प्रिय पदार्थ, व्यक्ति र परिस्थिति सामु आइपुग्दा पनि उसलाई खुशी हुँदैन र अप्रियभन्दा अप्रिय, अशुभभन्दा अशुभ रूपमा वस्तु, व्यक्ति वा परिस्थिति आइलागे पनि ऊ द्वेष गर्दैन। किनभने उसले

तिनको नश्वरता अथवा परिवर्त्य रूप बुझिसकेको हुन्छ । त्यसैले ऊ केवल परमात्माप्रति आस्था र भरोसा राख्दछ बाँकी सबै कुराप्रति ऊ अनभिस्नेह अर्थात् आसक्तिरहति हुन्छ ।

अब स्थितप्रज्ञ कसरी बसउठ गर्दछ भन्ने प्रश्नको उत्तर दिनेक्रममा आउने श्लोकमा भगवान् स्थितप्रज्ञका बारेमा विशेष कुरा भन्दै हुनुहुन्छ–

यदा संहरते चायं कूर्मोऽङ्गानीव सर्वशः ।
इन्द्रियाणीन्द्रियार्थेभ्यस्तस्य प्रज्ञा प्रतिष्ठिता ।५८।

अन्वयः यदा च अयं कूर्मः अङ्गानि इव सर्वशः इन्द्रियार्थेभ्यः इन्द्रियाणि संहरते तस्य प्रज्ञा प्रतिष्ठिता ।

सरलार्थः जब यस्ता स्थिरबुद्धि महात्माले कछुवाले सबै फैलिएका इन्द्रियहरूलाई आफैंभित्र समेटेझैं सम्पूर्ण विषयहरूबाट इन्द्रियहरूलाई समेट्ने क्षमता प्राप्त गर्दछन्, तिनको प्रज्ञा प्रतिष्ठित हुन्छ ।

भावार्थचन्द्रिकाः इन्द्रियहरू दुईथरी छन् जसलाई कर्मेन्द्रिय र ज्ञानेन्द्रिय भनिएको छ । कर्मेन्द्रियहरू मुख्य रूपले प्रकृतिद्वारा नियन्त्रित कतिपय काम सम्पन्न गर्दछन् । तीमध्ये उपस्थ (जननेन्द्रिय) मात्र एउटा यस्तो इन्द्रिय छ जो विसर्जनरूप कर्म गरिकन विषयको सेवनमा समेत प्रवृत्त हुन्छ । अरू सबै कर्मेन्द्रिय केवल कर्म सम्पन्न गर्नमा नै सीमित रहन्छन् । उता पाँच ज्ञानेन्द्रिय चाहिं पाँचोटै विषयतिर प्रवृत्त हुन्छन् । शब्द, स्पर्श, रूप, रस र गन्ध यी पाँच विषयमा क्रमशः कान, छाला, आँखा, जिब्रो र नाकको प्रवृत्ति हुन्छ । माथि भनिएका शब्दस्पर्शादि वस्तुहरू यिनका नियत विषय हुन् । साधनामा अग्रसर बनिसकेको साधकमा एउट यस्तो शक्तिसम्पन्न अवस्था आइपुग्दछ जसमा विवेकको अंकुश लगाएर योगी बाहिर विषयतिर लम्किन खोज्ने इन्द्रियहरूलाई स्वेच्छाले रोकेर आफैंभित्र थुन्न सक्दछ ।

यस श्लोकमा स्पष्ट रूपले विषयवस्तुलाई संझाउन कछुवाको दृष्टान्त दिइएको छ । कछुवा चाहिएका बेलामा खुट्टा, मुन्टो, पेटको केही भाग समेत बाहिर निकालेर आवश्यक विषय ग्रहण गर्दछ, तर जब कुनै चोट पटक लाग्ने, कतै ठोक्किन पुग्ने सम्भावना देख्दछ तुरुन्तै सम्पूर्ण बाहिर फैलिएको इन्द्रियहरूलाई खुम्च्याएर आफ्नो जिउभित्र थुनिदिन्छ । त्यसबेला त कछुवा भनेको यही साह्रो पिठ्यूँको खवटो मात्र पो रहेछ जस्तै हुन्छ उसको स्वरूप ।

त्यसै गरी आफ्नो विवेक बलले सम्पूर्ण इन्द्रियहरूलाई विषयहरूतिर फैलिनबाट बचाएर आफैंमा समेट्न सक्ने संयमशक्ति जब साधक योगीमा प्रकट हुन्छ, अनि ऊ स्थितप्रज्ञ कहलिन योग्य बन्दछ । साधकले जति नै कोशिश गरोस् जबसम्म विषयतिर दगुर्न खोज्ने इन्द्रियहरूलाई समेटेर सम्पूर्ण रूपमा परमात्मा केन्द्रित बन्न सक्दैन, ऊ स्थितप्रज्ञ बन्न सक्दैन । यसको अर्थ यो पनि होइन कि योगीले इन्द्रियहरूद्वारा विषय ग्रहण नै गर्दैन, विषय त ग्रहण गर्दछ तर कछुवाले चाहिएको बेला अनुकूल समयमा मात्र बाहिर इन्द्रिय फैलाएझैं योगी पनि आवश्यक बेलामा आत्मसाधनामा बाधा पार्न नसक्ने गरी परमावश्यक आहार विहारका अङ्गहरूलाई मात्र लिने गर्दछ ।

इन्द्रियहरूलाई विषयबाट छुटाउन सक्नु नै हो त स्थितप्रज्ञ ? अथवा अरू पनि केही विशेषता यसमा हुन्छ ? भन्ने जिज्ञाशाको समाधाान दिंदै भगवान् अगाडिका श्लोकहरूमा थप स्पष्ट पार्नुहुन्छ । क्रमशः

(आचार्य खेमराज केशवशरण वि.सं. २०७४ साउन १८ गते स्वर्गारोहण हुनुभएको हो । उहाँले लेख्नुभएको र उहाँकै पारिवारिक श्रोतबाट प्राप्त भएको गीताको भावार्थचन्द्रिका हामीले गौरीका प्रकाशनमा क्रमश प्रकाशति गरिरहेका छौं)

अहैतुकी भक्ति

–श्री महेन्द्रनाथ गुप्त श्री 'म'

भक्तहरूसँग कीर्तनानन्दमा

श्रीरामकृष्ण कोठामा आफ्नो आसनमा बस्नुभएको छ । दिउँसोको तीन बजेको होला । नीलकण्ठ पाँच–सातजना साथीहरूका साथ श्रीरामकृष्णको कोठामा आए । उनीहरूको अभ्यर्थनाका लागि श्रीरामकृष्ण उठ्नुभयो र केही अघि बढ्नुभयो । नीलकण्ठ कोठाको पूर्वढोकाबाट आएर श्रीरामकृष्णलाई साष्टाङ्ग प्रणाम गरे ।

श्रीरामकृष्ण समाधिमा लीन हुनुभएको छ, उहाँका पछाडि बाबुराम छन्, अगाडि नीलकण्ठ, मास्टर र आश्चर्यचकित भएका नीलकण्ठका साथीहरू । खाटको उत्तरतर्फबाट दीनानाथ खजान्ची आएर दर्शन गर्दै छन्, हेर्दाहेर्दै कोठा श्री ठाकुर मन्दिरका मानिसहरूले भरियो । केही बेरपछि श्रीरामकृष्णको भावमा केही उपशम भयो । उहाँ जमिनमा गुन्द्रीमा बस्नुभएको छ । अगाडि नीलकण्ठ छन् र चारैतर्फ भक्तमण्डली ।

श्रीरामकृष्ण (आवेशमा)– मलाई ठीक छ ।

नीलकण्ठ– (हात जोड्दै) मलाई पनि ठीक गरिदिनुहोस् ।

श्रीरामकृष्ण– (सहास्य) तिमी ठीकै त छौ । 'क'लाई कान्दियो 'का' हुन्छ, त्यसमा फेरि आकार लगाएर के काम हुन्छ ? 'का'मा एक कान्दानी भयो भने पनि 'का' को 'का' नै रहन्छ ! (सबै हाँस्छन्)

नीलकण्ठ– यो संसारमा परेको छु ।

श्रीरामकृष्ण (सहास्य)– तिमीलाई संसारमा उहाँले अरू पाँच मानिसहरूका लागि राख्नुभएको हो । अष्ट पासहरू छन् । यी सबै यसै जाँदैनन् । दुई–एक पाश उहाँले राखिदिनुहुन्छ, लोकशिक्षाका लागि । तिमीले यो नाटक बनाएका छौ, तिम्रो भक्ति देखेर कैयौँ मानिसहरूको उपकार हुन्छ । अनि तिमीले यदि सबै कुरा छोडिदियौ भने यी साथका (नाटकवालाहरू) फेरि कहाँ जाऊन् ?

उहाँले तिमीद्वारा काम गराउनुभएको छ, काम पूरा भएपछि फेरि तिमीले फर्कनुपर्नेछैन । गृहिणी जब घरको कामधाम सबै सकिसक्छे, सबलाई ख्वाउनु प्याउनु गरिसक्छे, नोकर–नोकर्नीसम्मलाई, तब आफू आरामसँग स्नान गर्न जान्छे, त्यसबखत बोलाउँदा पनि फर्किन्न ।

नीलकण्ठ– मलाई आशीर्वाद दिनुहोस् ।

श्रीरामकृष्ण– कृष्णको वियोगमा यशोदा उन्माद अवस्थामा थिइन् । उनी राधिकाकहाँ गइन् । त्यसबखत राधिका ध्यानमा थिइन् । उनले भावावेशमा यशोदालाई, 'म त्यही मूल प्रकृति–आद्या शक्ति हुँ, मसँग वरको प्रार्थना गर' भन्दा यशोदा मैयाले भनिन्, "अरू के वर दिन्छ्यौ ? यही देऊ कि मन, वाणी र कर्मले भगवान्को सेवा गर्न सकूँ, कानले उनको नाम, उनका गुण सुनूँ, हातहरूले उनको र उनका भक्तहरूको सेवा गर्न सकूँ, आँखाले उनका रूप र उनका भक्तहरूको दर्शन गर्न सकूँ ।"

"उहाँको नाम लिँदा जब तिम्रा आँखाबाट आँसुका धारा छुट्छन् भने तिमीलाई के को चिन्ता ? उहाँमा तिम्रो प्रेम बसिसकेको छ ।"

"नाना थरीका कुरा जान्नुको नाम अज्ञान हो र एउटै वस्तु जान्नुको नाम हो, ज्ञान अर्थात एक ईश्वर नै सत्य हुनुहुन्छ र सर्वभूतहरूमा विराजमान हुनुहुन्छ । उहाँसँग कुराकानी गर्नुको नाम हो विज्ञान, उहाँलाई प्राप्त गरेर अनेक प्रकारले प्रेम गर्नुको नाम हो, विज्ञान ।"

"अनि यो पनि हो कि उहाँ एक–दुईभन्दा पर हुनुहुन्छ । मन र वाणीदेखि अतीत हुनुहुन्छ । लीलाबाट नित्यमा जानु र नित्यदेखि लीलामा आउनु, यसैको नाम हो पक्की भक्ति ।"

"तिम्रो त्यो गीत बडा मीठो छ, माताको चरण–कमल प्राप्त गर्ने आशा । 'श्यामापदे आस, नदी तीरे वास' । यसैबाट तिम्रो बन्नेछ, सबै कुरा उनकै कृपामा निर्भर छ ।" परन्तु उहाँलाई पुकार्नुपर्छ । चुपचाप बसिरहेर बन्दैन । वकिलले न्यायाधीशलाई सबै कुरा भनिसकेपछि अन्त्यमा भन्छ, "मैले जे भन्नुपर्ने, प्रमाण पेस गर्नुपर्ने, सबै भने अब श्रीमान्‌को इच्छा ।"

केही बेरपछि श्रीरामकृष्णले भन्नुभयो, "तिमीले बिहान त्यति कसो गायौ अनि कष्ट गरेर यहाँ आयौ तर यहाँ सबै कुरा अनोरेरी (Honorary) हो नि ।"

नीलकण्ठ– किन ?

श्रीरामकृष्ण– (सहास्य) मैले बुझैँ, तिमीले के भन्छौ भनेर ।

नीलकण्ठ– अनमोल रत्न लैजान्छु यताबाट ।

श्रीरामकृष्ण– त्यो अनमोल रत्न तिमीसँगै छ । 'का'मा फेरि कान्दिनु लगाएर के लाभ ? तिमीसँग रत्न नहुँदो होत तिम्रो गाना यस्तो मीठो किन हुन्थ्यो ? रामप्रसाद सिद्ध हुन्, यसैले उनका गानाले त्यस्तो प्रभाव पार्छ ।

"तिम्रो गानाको कुरा सुनेर म आफैँ जान लागेको थिएँ तर नियोगी जानलाई फेरि भन्न आयो ।"

श्रीरामकृष्ण– सानो खटियामा आफ्नो आसनमा गएर बस्नुभयो । नीलकण्ठलाई भन्नुभयो, केही छिन माताको नाम सुन्न इच्छा छ ।

नीलकण्ठ आफ्ना साथीहरूसँग मिलेर गाउन लागे । धेरै गीत गाए । एउटा गानामा एक ठाउँमा भनिएको थियो, जसको जटामा गङ्गाजी शोभा पाइरहनुहुन्छ, उनैले हृदयमा राजराजेश्वरीलाई धारण गरेर राखेका छन् । एकछिन भावस्थ भएपछि श्रीरामकृष्णको प्रेमोन्मत्त अवस्था भयो । उहाँ नृत्य गर्न लाग्नुभयो । नीलकण्ठ र भक्तगण उहाँलाई घेरेर गाउँदै नृत्य गर्दै छन् ।

गाना समाप्त भयो । श्रीरामकृष्ण नीलकण्ठसँग भन्दै हुनुहुन्छ, म कलकत्तामा सुनेको तिम्रो त्यो गाना सुन्छु । मास्टरले भने, त्यो गाना यो हो, 'श्रीगौराङ्ग सुन्दर नव नटवर तपत काञ्चन काय ।'

श्रीरामकृष्ण– 'हो, हो, त्यही भन्दै एउटा पदको अर्धांश गाएर नाच्न लाग्नुभयो । त्यो अपूर्व नृत्य जो जसले देखेको छ, उनीहरूले कहिल्यै बिर्सन सक्नेछैनन् ।

कोठामा मानिसहरू ठसाठस भरिए । सबैजना उन्मत्त भएका छन् । कोठा मानौँ श्रीवासको आँगन जस्तो भएको छ ।' श्रीयुत मनोमोहनलाई भावावेश भयो ।

उनका घरका केही आइमाईहरू पनि आएका छन् । उनीहरू उत्तरी बरन्डाबाट यो अपूर्व नृत्य र सङ्कीर्तन हेरिरहेका छन् । तिनमा पनि एउटा स्त्रीलाई भावावेश भएको थियो । मनोमोहन श्रीरामकृष्णका भक्त हुन् र राखालको सम्बन्धी पनि ।

श्रीरामकृष्ण फेरि गाउन लाग्नुभयो । उच्च सङ्कीर्तन सुनेर चारैतर्फबाट मानिसहरू आएर जमेर बसे । दक्षिण र उत्तर–पश्चिमपट्टिको बरन्डामा पनि मानिसहरू ठसाठस भरिए । जो मानिसहरू नाउबाट गइरहेका थिए, तिनलाई पनि यस मधुर सङ्कीर्तनको स्वरले आकर्षित भएर आउनैपर्‍यो ।

कीर्तन समाप्त भयो । श्रीरामकृष्ण जगन्मातालाई प्रणाम गर्दै हुनुहुन्छ । भन्नुहुन्छ, "भागवत– भक्त–भगवान्, ज्ञानीहरूलाई नमस्कार, योगीहरूलाई नमस्कार, भक्तहरूलाई नमस्कार ।"

अब श्रीरामकृष्ण नीलकण्ठादि भक्तहरूसँगै पश्चिमपट्टिको गोल बरन्डामा गएर बस्नुभयो । साँझ पर्‍यो । आज रास–पूर्णिमाको दोस्रो दिन हो ! चारैतर्फ जून लागिरहेछ । श्रीरामकृष्ण नीलकण्ठसँग आनन्दपूर्वक कुराकानी गरिरहनुभएको छ ।

नीलकण्ठ– हजुर, साक्षातै गौराङ्ग हुनुहुन्छ ।

श्रीरामकृष्ण– तिमी किन यस्ता कुरा गर्छौ ? म त सबै दासहरूको दास हूँ । गङ्गाकै तरङ्गहरू हुन्, तरङ्गहरूको गङ्गा पनि कहिल्यै हुन्छ ?

नीलकण्ठ– हजुर जेसुकै भन्नुहोस्, हामी त यस्तै नै ठान्छौँ ।

श्रीरामकृष्ण (करूणापूर्ण स्वरमा, केही भावावेशमा)– भाइ ! आफ्नै 'म'लाई खोजी गरिरहेछु तर कहीँ खोजे पनि मिल्दैन । 'हनुमानले भन्नुभएको थियो, हे राम ! कहिले त सोच्छु, हजुर पूर्ण हुनुहुन्छ, म अंश हुँ, हजुर प्रभु हुनुहुन्छ म दास हुँ, अनि जब तत्त्वज्ञान हुन्छ, तब देख्छु, हजुर नै 'म' हो र 'म' नै हजुर हो ।"

नीलकण्ठ– अरू के भनूँ, हामीमाथि कृपा राख्नुहोला ।

श्रीरामकृष्ण (सहास्य)– तिमीले कति मानिसहरूलाई पार गराइरहेका छौ । तिम्रा गाना सुनेर कैयौँ मानिसहरूमा उद्दीपना हुन्छ ।

नीलकण्ठ– मैले पार गराइरहेको छु भनेर हजुर भन्नुहुन्छ । तर हेर्नुस् नि, म खुद आफैँ नडुबूँ ।

श्रीरामकृष्ण– (सहास्य) डुब्यौ भने पनि त्यही सुधा-हृदयमा त हो नि ।

नीलकण्ठलाई भेटेर श्रीरामकृष्णलाई आनन्द भएको छ । उनीसँग भन्दै हुनुहुन्छ, तिम्रो यहाँ आउनु ठूलो साध्य साधना कतै पाइन्छ । एउटा गीत सुन, यति भनेर श्रीरामकृष्ण गाउन लाग्नुभयो । गानाको पदमा एक ठाउँमा भनिएको छ, "म चण्डीलाई लिएर आउँछु ।"

श्रीरामकृष्ण– 'चण्डी जब आउनुहुन्छ, तब कति जटाधारीहरू र योगी आउनेछन् ।'

श्रीरामकृष्ण हाँसी रहनुभएको छ । भन्नुहुन्छ, 'केही बेरपछि बाबुराम र मास्टरलाई मलाई बडो हाँसो उठिरहेछ, यिनीहरू (नाटकवालाहरू)लाई पनि म गीत सुनाउँदै छु ।'

नीलकण्ठ– हामी चारैतर्फ जो गाउँदै हिँड्छौँ, त्यसको पुरस्कार आज पाइयो ।

श्रीरामकृष्ण– जब पसलेले एकथोक बेच्छ, कहिलेकाहीँ ऊ एक मुठी फुस्सा पनि थपिदिन्छ माथिबाट । त्यस्तै तिमीहरूले त्यहाँ नवीनकहाँ गायौ अनि एकमुठी यहाँ थपिदियौ । (सबैजना हाँस्छन् ।)

अनुवादक– प्रा.डा. शङ्करराज पन्त, मैतीदेवी
श्रीरामकृष्ण वचनामृतबाट अनुवादित

श्रीरामकृष्णवचनसुधा

नेपालीमा !

श्रीरामकृष्ण परमहंसको दैनिकीमा आधारित आध्यात्मिक ज्ञानको बहुउपयोगी पुस्तक 'श्रीरामकृष्णवचनामृत'को नेपाली संस्करण श्रीरामकृष्ण वचनसुधा प्रकाशन भएको छ । पुस्तक प्राप्तिको निम्ति सम्पर्क गर्नुहोला–

श्रीरामकृष्ण आश्रम, नेपाल
ज्ञानेश्वर काठमाडौं,
मोवायलः ९८०३४७३०३७

सडकमा वेवारिसे छाडिएका गाईबाच्छा, साँढेहरूको
संरक्षणमा हातेमालो गरौं ।

पृथ्वी सबैको साझा घर हो। यहाँ सबै प्राणीहरूले बाँच्न पाउने अधिकारको सुनिश्चितता गरौं। हरेक दिन गाईबाच्छाहरूका लागि केही दान गरौं। जन्मोत्सव, विवाहोत्सव आदि शुभकार्यहरू र अन्य उत्सव या स्मृतिमा गौमाताको सेवामा केही योगदान गरौं। आफू पनि बाँचौं र अवोध प्राणीहरूलाई पनि बचाऔं। सेवा नै सबैभन्दा ठूलो धर्म हो। जय गौमाता !

नन्दी सेवा स्थल

मन्दिर गाई बाच्छा बचाऊ तथा समाज विकास अभियान

फूल पसल लाइन, वनकाली, सम्पर्कः ९८०८२९७४८५, ९८४१२०४००६

गीतामा जीवन दर्शन

आचार्य ढुण्ढिराज न्यौपाने

श्रीमद्भगवत गीता विश्वको सर्वश्रेष्ठ ग्रन्थ हो । यो साक्षात् परब्रह्म परमात्मा श्रीकृष्णको मुखारवृन्दबाट निस्किएको अत्यन्तै रहस्यमय शक्तिशाली ज्ञानवर्द्धक वाणी हो । यसमा भगवान्ले अर्जुनलाई निमित्त बनाएर मनुष्यमात्रको कल्याण गर्ने हेतुले उपदेश गर्नुभएको छ । सोही उपदेश नै श्रीमद्भगवत गीताको नामले प्रसिद्ध रहेको छ । यसमा मानव कल्याणका लागि भगवान् श्रीकृष्णले अखिल वेदोपनिषद्का सद्वचनामृतलाई तीन काण्डमा विस्तार गर्नुभएको छ । युद्धको मैदानमा पुगेका अर्जुन युद्धबाट विमुख हुन खोज्दा लीला पुरूषोत्तम श्रीकृष्णले सात सय सूत्रमा समाहित यही गीताको ज्ञान सुनाएपछि कुन्ती नन्दन अर्जुनलाई यथार्थ कुराको ज्ञान भयो । जसले अधर्म गरेको छ, त्यो अधर्म गर्नेको पक्षमा लाग्ने पनि अधर्मी हो । त्यसैले अधर्मीलाई प्रहार गर्नु धर्म हो भन्ने कुरा गीताबाट अर्जुनलाई बोध भयो ।

गीताको प्रथम अध्यायदेखि छैटौँ अध्यायसम्म कर्मयोग, सातौँदेखि बाह्रौँसम्म (उपसना काण्ड) भक्तियोग र तेह्रौँदेखि अठारौँ अध्यायसम्म ज्ञानयोगको रूपमा रहेको छ । श्रीमद्भगवत गीता महाभारतको भीष्म पर्वअन्तर्गत पच्चिसौँदेखि बयालिसौँ अध्यायसम्म विस्तारित भएको छ । गीता ग्रन्थको सर्वोत्कृष्टता र वैशिष्ट्यताको सम्बन्धमा कुर्म पुराण, वराह पुराण, अग्नि पुराण, त्यसैगरी शाङ्करभाष्य आदि ग्रन्थको ऐक्यबद्धता छ ।

स्थुल, सुक्ष्म र कारण यी तीन वटा शरीरको संसारसँग सम्बन्ध रहेको हुन्छ । शरीरलाई समाज र राष्ट्रको सेवामा लगाउनुलाई कर्मयोग, आफूलाई पूर्णरूपमा भगवान्को चरणमा समाहित गरी लोककल्याणको कामना गर्नुलाई भक्तियोग र आफू संसारबाट अनाशक्त भएर यथार्थरूपमा रही जगत्को कल्याण सम्झिनुलाई ज्ञानयोग भनिन्छ । पूर्वोक्त तीन पद प्राप्तिका लागि सामर्थ्य, विश्वास र ज्ञान अपरिहार्य हुन्छ । कर्म गर्नमा रूचिकर व्यक्ति कर्मयोगीको अधिकारी, जसमा भगवान् परमात्माप्रति अत्यन्त विश्वास र श्रद्धा हुन्छ ती व्यक्ति भक्तियोगको अधिकारी र आफ्नो यथार्थ स्वरूपको बोध गर्ने व्यक्ति ज्ञानयोगको अधिकारी मानिन्छ । यी तीन वटै पथ परमात्मा प्राप्तिका पथ हुन् पार्थ भन्दै श्रीकृष्णले सम्झाउनुभयो ।

यस शास्त्रमा जीव र जगत् परमात्माको अंश र प्रतिबिम्ब भएको यथार्थ सत्यलाई बोध गराइएको छ । जीव, जगत् र परमात्मा यिनैका सम्बन्धमा विविध संज्ञाहरूबाट विस्तार गरिएको छ । अपरा, परा र भगवान्; अक्षर, क्षर र पुरूषोत्तम आदि । यीमध्ये जीव र जगत् विचारका विषय हुन् भने परमात्मा विचारातित हुनुहुन्छ । त्यसैले जीवका आधारमा ज्ञानयोग, जगत्का आधारमा कर्मयोग र परमात्माका आधारमा गरिने साधनालाई भक्तियोग भनिन्छ ।

गीताले जीवनलाई सरल र सहजतापूर्वक बिताउन सिकाएको छ । यसले मानव मात्रलाई निम्न ज्ञान दिएको छ भन्न सकिन्छ–

- सधैँभरि सकारात्मक सोच राख्नु,
- हाम्रो नभनेर राम्रोको खोज र सङ्गत गर्नु,
- कसैको पनि निन्दा वा चुगली नगर्नु,
- परवस्तुमा आशक्ति नहुनु, अर्काको इर्ष्या र द्वेष नगर्नु,
- मान्यजनप्रति आदर र सानालाई स्नेह गर्नु,
- फलको आशक्ति नराखी कर्म गर्नु,
- आवेशमा आएर अहङ्कारी बनी नबोल्नु, सत्यमा रहनु, सबैसँग सप्रेमपूर्वक पवित्र व्यवहार गर्नु,
- आफूले गरेको कर्मबाट कसैको पनि अहित नहोस् भनेर सम्झनु,
- स्वाध्यायमय जीवन व्यतित गर्नु, आफ्नो धर्म, संस्कार, संस्कृति, कुलधर्मलाई अनास्था नगर्नु ।

जे हुन्छ, राम्रै हुन्छ परमात्माको कृपाले भन्ने सम्झिनु । यस्तो गर्नाले आफ्नो, आफ्नो परिवारको, समाजको र जगतैको कल्याण हुन्छ । यही नै गीताको ज्ञान, योग, ध्यान र सुन्दर जीवन व्यतित गर्ने कला हो ।❖

-धापासी, काठमाडौं

सूर्य सत्यरुप हो

सहप्रा. डा. विनुबाबा अर्याल

वैदिक धर्म अनुसार देवी देवताहरूको संख्या गणनातीत छ । हिन्दुहरूका तेत्तीसकोटि देवता छन् । यो गणना गरेको संख्या नभई देवीदेवताहरूको विभिन्न शक्तिको वाहक मात्र हो । वैदिक धर्ममा बहुदेवत्ववादको जुन कल्पना गरिएको छ, यो सबै त्यस सर्वशक्तिमानको असंख्य रूपको कल्पना मात्र हो, कारण वेद भन्दछ कि वस्तुतः एउटा आत्मा नै विश्वव्यापी छ, अर्थात् सबै रूपहरूमा उनी नै एक हो ।

ऋग्वेदको मन्त्र संख्या ३/५३/८ मा स्पष्ट भनिएको छ कि, रूपं प्रतिरूपं बमुव । विभिन्न देवी देवताहरूको विभिन्नता रूपमा गुणमा हो तर मूलमा भने एकै तत्त्व हो । अर्थात् मूलतत्त्व एउटा भए पनि विभिन्न गुणहरूको परिप्रेक्ष्यमा यसका संख्यातीत सम्बोधन हुन्छ । यसको उत्तरमा ऋग्वेद भन्दछ 'सूर्य आत्म जगतस्य स्थुषश्च' परमात्मा सूर्य नै नित्य अनन्त ज्योतिरूपमा विभूषित भइरहेको छ । जो सच्चिदानन्दस्वरूप हो । सम्पूर्ण विश्व जसको रूप हो जो किरणहरूमा सुशोभित एवम् भूत आदि तीनै कालको कुरा जान्नेवाला हो जो ज्योतिस्वरूप हिरण्यमय (सूवर्णसमान कान्तिमान) पुरूषको रूपमा तप गरिरहेका छन् । यस सम्पूर्ण विश्वको एक मात्र उत्पत्ति स्थान हो ।

भगवान् सूर्य नै संसारको समस्त ओज, तेज, दीप्ति र कान्तिको निर्माता हो । सूर्य भगवान्को नेत्र हो जव विराट पुरूष प्रकट भए तव उसको आँखामा सूर्य प्रवेश भए । आदित्यश्चक्षु भूर्त्वाक्षिणी प्राविशत् (ऐ. १/२/४) यस प्रकार समस्त प्राणीहरूको आँखामा मूल शक्ति सूर्यको नै हो । हिरण्यगर्भरूप पुरूषको आँखामा आदित्य प्रकट भए । ......चक्षुष आदित्य...... (ऐ १/१/४) । सूर्यदेव परम सत्य हो, ज्योति हो । यस प्रकार सूर्य सबै लोकहरूको चक्षु हो ।

'सूर्य आत्मा जगतस्यस्थुषश्च ।' सूर्य प्रत्यक्षस्वरूप देवता हुनुहुन्छ । तत्त्वतः उहाँ परब्रह्म हुनुहन्छ । उहाँ नै स्थावर जङ्गमात्मक समस्त विश्वको आत्मा हुनुहुन्छ । जव तीनै लोक अन्धकारमा थियो तथा स्थावर र जङ्गम नष्ट भएका थिए तव त्रिगुणात्मिका प्रकृतिद्वारा बुद्धि उत्पन्न भयो । बुद्धिबाट पञ्चमहाभूत प्रवर्तक अहंकार, अहंकारबाट वायु, वायुबाट अग्नि, अग्निबाट जल, जलबाट आकाश, आकाशबाट भूमि र भूमिबाट अण्ड उत्पन्न भयो । त्यस अण्डमा सप्तदीप, सप्तसमुद्र प्रसारित पृथ्वी प्रतिष्ठित भयो । अण्डमा ब्रह्मा सहित विष्णु शङ्कर पनि अवस्थित हुनुभयो ।

वैदिक धर्ममा वैष्णव, शैव, शाक्त, गणपत्य र सूर्य यी पाँच प्रसिद्ध शाखाहरू छन् । यिनीहरूमा विष्णु, शिव, शक्ति, गणपति र सूर्य यी पाँच देवहरूको उपासना गर्ने विधि विधान ठूलो छ । तापनि ईश्वर परमात्मा (ब्रह्म) एउटै तत्त्व हो । जुन परमात्मा चित् भावबाट विष्णुरूप भएर, सत् भावबाट शिवरूप भएर, तेज रूपबाट सूर्य रूप भएर, बुद्धि रूपबाट गणेश रूप भएर र शक्ति रूपबाट देवी रूप भएर जगत्को कल्याण गर्दछ । उनी अग्नि हुन्, आदित्य हुन्, वायु हुन्, वरूण र प्रजापति हुन् । सबै उनै परमात्माको नाम हो । (शुक्लयजुर्वेद ३१/१९)

सूर्योपनिषद् अनुसार सूर्यबाट नै सम्पूर्ण प्राणीहरूको उत्पत्ति हुन्छ, पालन हुन्छ एवम् विलय हुन्छ । समस्त वेद, स्मृति, पुराण, रामायण, महाभारत, सूर्योपनिषद्, चाक्षुपोपनिषद् आदि आदि ग्रन्थहरूमा भगवान् सूर्यको धेरै ठूलो महिमा गाइएको छ । वेदोऽखिलो धर्ममूलम अनुसार वेदद्वारा प्रतिपाद्य विषय नै धर्म हो । अतः यज्ञ (वेदले बताएको कर्तव्य कर्म) धर्मको स्वरूप हो । जुन समयको अधिनमा छ । समयको विधायक (व्यवहार व्यवस्था, नियामक) ज्योतिषशास्त्र हो ।

ज्योतिषशास्त्रका अनुसार आदित्य श्रीसूर्यको अधिनमा छ, सूर्यले नै दिन र रातको समयलाई विभाजन गर्नुहुन्छ । जस्तो कि समयको गति सूर्यद्वारा नै नियमित हुन्छ । सूर्य भगवान्को जव उदय हुन्छ, तव दिनको प्रारम्भ हुन्छ । रातको शेषमात्र बाँकि रहन्छ । यसलाई प्रातःकाल भनिन्छ । जव सूर्य आकासको शिखरमा चढ्नुहुन्छ, त्यस समयलाई दिनको मध्य अथवा मध्यान्ह भनिन्छ । जव उहाँ अस्ताचलतर्फ लाग्नुहुन्छ, तव दिनको शेष एवम् रातको शुरूवात हुन्छ । यसलाई सायकाल या साँझपख भनिन्छ । यी तीन काललाई उपासनाको मुख्य समय भनिन्छ । हुन त जीवनको प्रत्येक क्षण उपासनामय नै हुन्छ तर पनि यी तीन काल भने भगवान्को उपासनाको लागि नितान्त आवश्यक मानिन्छ । यिनलाई क्रमशः प्रातः, सन्ध्या, मध्यान्ह सन्ध्या र सायं सन्ध्या भनिन्छ ।

प्रत्येक वस्तुको तीन अवस्थाहरू हुन्छन्– उत्पत्ति, पूर्ण विकास र विनाश । यसैगरी जीवनको पनि तीन अवस्थाहरू हुन्छन्– जन्म, पूर्ण युवावस्था र मृत्यु । अतः उनी संसारको सृष्टि, स्थिति र संहारको मूल कारण हुन् । उनीद्वारा नै संसारको सृष्टि, स्थिति र संहार हुन्छ । त्यसैले सूर्यदेव ब्रह्मा, विष्णु र शिव स्वरूप त्रिदेवमय हुनुहुन्छ । शास्त्रमा भनिएको छ कि सूर्यदेव, प्रतिदिन नियमित भएर सत्य मार्गमा रहेर स्वयं घुमेर संसारलाई सञ्चालन गर्नुहुन्छ । आकाशमा देखिएको जानिएको नक्षत्र, ग्रह र राशिमण्डल उनैको शक्ति (आकर्षण शक्ति) मा टिकेको हुन्छ । ऋग्वेदमा भनिएको छ कि सूर्य नै आफ्नो तेजबाट सवैलाई प्रकाशित गर्दछन् । यजुर्वेदमा भनिएको छ कि सूर्यले नै सम्पूर्ण भूमिलाई उज्जीवित गर्दछन् । अथर्ववेदमा भनिएको छ कि सूर्यले हृदयको दुर्वलतालाई नष्ट गर्दछ । सूर्यको किरणले पृथ्वीमा रहेको भिजेको पदार्थलाई सुख्खा बनाइदिन्छ । समुद्रको जललाई स्वयंले पिएर पिउन योग्य बनाइदिन्छ । भगवान् भुवनभास्कर श्रीसूर्यको महिमा अनन्त एवम् असीम छ । प्रेय एवम् श्रेय दुवै छ ।

सबै प्राणीहरूले जन्मने वित्तिकै भगवान् सूर्यको दर्शन प्राप्त गर्दछन् । देवोपासनामा भगवान् सूर्यको विशिष्ठ स्थान छ । भगवान् सूर्यको प्रत्यक्ष दर्शन सबै जनालाई हरेक दिन अनुभूत हुन्छ । उहाँ अनुमानको विषय होइन । हामी सबैमा उहाँको असंख्य उपकार छ । संसारको सबै कार्यमा भगवान् सूर्यको कृपा अधीक छ ।

आफ्नो चक्ररथलाई हाँक्ने सात वटा घोडाहरूद्वारा दिनरात घुम्दै सूर्यले सात द्विप तथा सात समुद्र समेत गरी पूरा पृथ्वी मण्डलको भ्रमण मात्र गर्ने होइन, अखण्ड प्रकाशपुञ्जबाट ब्रह्माण्डलाई आलोकित गरी आफ्ना किरणले सबै पदार्थहरूलाई रस तथा शक्ति प्रदान गर्दछन् । अग्नितत्त्व, वायुतत्त्व, जलतत्त्वहरूमा सूर्यतत्त्व नै सर्वप्रधान छ । यी सबैले आफ्नो आफ्नो शक्ति प्रदर्शित गर्ने स्थान भनेको आकाशमण्डल नै हो । आकाशमण्डलमा सूर्य किरणले समुद्र तथा नदीहरूबाट जल सोसेर अग्नि, वायु, जल तत्त्वको मिश्रणबाट वादलको निर्माण हुन्छ । वायुतत्त्वको सहायताले यथास्थानमा स्वैच्छानुसार वर्षा गराउँछ ।

सौर्यमण्डल नै एक यस्तो महान केन्द्र हो, जो आफ्नो चुम्वकीय आकर्षणबाट देवलोक, पितृलोक आदिलाई संहालिरहेका छन् । सबै देकर्महरू सूर्य आराधनाबाट नै प्रारम्भ हुन्छन् र त्यसैमा सम्पन्न हुन्छन् । कुनै पनि आराधना दिनमा गर्दा सूर्यादि पञ्चदेवता (सूर्य, गणेश, देवी, रूद्र र विष्णु) को पूजाबाट प्रारम्भ हुन्छ । कहिँ कहिँ गणपत्यादि पञ्चदेवता भनेर पनि पूजा प्रारम्भ हुन्छ । विद्वान्हरूले गणपति पनि यथार्थमा सूर्य नै हो भनेको पनि पाइन्छ ।

पुराणहरूमा ज्योतिर्लिङ्गलाई विशिष्ट लिङ्गको रूपमा मानिन्छ । सृष्टिको उत्पत्ति, प्रकृति (क्षरतत्त्व) र पुरूष (अक्षरतत्त्व) को स्थूल रूप शिवलिङ्ग हो । सृष्टिको अनन्त लिङ्गहरूमा एक ज्योतिर्लिङ्ग पनि हो । उहाँ नै भगवान् सूर्य हो । वेदज्ञविद्वान्हरूको मत छ कि यजुर्वेदमा एउटा परमात्मा दुई रूप भनिएको छ– घोर र शिव । श्रुतिको पनि भनाइ छ– रुद्रो वा एष उदग्निश्च तर्स्य ते द्वे तन्वौ घोरान्या शिवान्याच । यस श्रुतिअनुसार परमात्माको दुई रूप छन्– घोर र शिव । घोररूप अग्नि हो भने शिवरूप सोम हो । घोरभावको दर्शन अग्निमा र शिवभावको दर्शन सोममा हुन्छ । जसरी एउटै परमात्माको रूद्र र शिवको दुई रूप छ, अतः जुन रूद्रलिङ्ग हो त्यही शिवलिङ्ग पनि हो । जुन शिवलिङ्ग हो त्यही रूद्रलिङ्ग पनि हो । श्रीमद्भगवद्गीतामा योगेश्वर श्रीकृष्णले अर्जुनलाई भन्नुभएको छ कि– ज्योतिर्मय वस्तुहरूमा एवम् सूर्यमा जुन प्रकाश छ, त्यो मेरै प्रकाश

हो अर्थात् जुन चन्द्र, सूर्य र अग्निमा तेज छ, त्यो म नै हुँ त्यही नै मेरो स्वरूप हो ।

यदादित्यगतं तेजो जगद्भासयतेऽखिलम्

यच्चन्द्रामसि यच्चाग्नौ तत्तेजो विद्धि मामकम् । (गीता १५/१२)

विश्वका सबै प्राणीलाई जन्मनासाथ भगवान् सूर्यको दर्शन हुन्छ । उहाँ सर्व प्रसिद्ध देवता हुनुहुन्छ । अन्य देवताहरूको स्थितिमा केही सन्देह हुनसक्छ तर भगवान् सूर्यको सत्तामा कसैलाई कुनै सन्देह गर्ने अवसर नै मिल्दैन । सबैलाई उहाँको साक्षात्कार प्राप्त हुन्छ । हामी सबै सनानतीय वैदिक धर्मावलम्बी सदासर्वदा सूर्यको उपासना गर्दछौं । किनकि उहाँ नै हाम्रो सबै शुभाशुभ कर्महरूको साक्षी हुनुहुन्छ । सूर्यबाट आजीवन कर्मयोगको शिक्षा प्राप्त भइरहन्छ ।

सूर्य शब्दको व्युत्पत्ति हो– सुवति प्रेरयति कर्माणिलोकम्। अर्थात् सूर्य यो लोकलाई कर्ममा लगाउँछन् । यस सम्पूर्ण ब्रह्माण्डमा जुन कार्य भगवान्ले गर्दछन् यस सौर्यमण्डलमा सूर्यको पनि त्यही स्थिति, त्यसै अनुसार गर्ने कार्यहरू छन् । त्यसैले वेदले सूर्यलाई भगवान् मानेको छ– ब्रह्म सूर्यसमं ज्योतिः (यजुर्वेद २३/४८) जसरी हाम्रो शरीर जड र त्यसभित्र विराजमान हुनुभएको आत्मा चेतन छ, हाम्रो लागि संसारमा सबभन्दा धेरै चमकिलो पदार्थ सूर्य हो । त्यसपछि हाम्रो दृष्टिमा चन्द्रमा आउँछ । दिनको प्रकाशक सूर्य र रात्रिको प्रकाशक चन्द्रमा हो । जसमा कोही आफ्नै स्थानमा स्थिर रहेर झिलमिली भएर रहन्छ कोही घुम्दछन् । पश्चिमीहरूले प्लानेट घुम्ने भन्दछन् पूर्वीयहरूले ग्रह, नक्षत्र या तारा भन्दछन् ।

यी ग्रह, नक्षत्र र तारा मनुष्यको ज्ञानको आदिस्रोत हुन् । यिनीहरूमा सूर्यको स्थान सर्वोपरि छ । ऋषिहरूले उदाएको सूर्यलाई सविता रूपमा प्रार्थना गर्दछन् । हे सविता ! हामी तपाईको तेजस्वी स्वरूपको ध्यान गर्दछौं । हामीलाई बुद्धिको प्रेरणा प्रदान गर्नुहोस् । भर्गो देवस्य धीमही धियो योनः प्रचोदयात । सूर्य हाम्रो लागि आज पनि उत्तिकै आकर्षणको केन्द्र हुनुहुन्छ । जति ऋग्वेदका ऋषिहरूको लागि हुनुहुन्थ्यो । ऋषिहरूले अनुभव गरेकी सूर्यो वै प्रजानं चक्षुः (शत १३/३/८/१४) अर्थात् भगवान् सूर्य चराचरको आत्मा हुनुहुन्छ ।

सूर्य केवल सम्पूर्ण विश्वको प्रकाशक, प्रवर्तक, धारक र प्रेरक मात्र होइन आरोग्यकारक पनि हुनुहुन्छ । उनको उपासनाबाट नै मनुष्य निरोगी रहन्छ । सूर्यका किरणहरूले स्पर्श हुने वित्तिकै सबै शुद्ध बन्दछ । थाकेको प्राणी रातमा सुप्त भएर सूर्योदय समयमा पुन जागरूक हुन्छन् । जीवनको लागि जुन तत्त्व (अक्सिजन) को अनिवार्य आवश्यकता पर्दछ त्यो तत्त्व सूर्य भगवान्ले निरन्तर ब्रह्माण्डलाई प्रदान गरिरहनुभएको छ । भगवान् सूर्य परमात्मा नारायणको साक्षात प्रतीक हुन् यसैले उनलाई सूर्य नारायण भनिन्छ ।

ज्योतिषशास्त्र अनुसार सम्पूर्ण विश्व नै नक्षत्र र ग्रहहरूबाट प्रभावित हुन्छ । यिनीहरूमा सूर्यलाई एक महान् नक्षत्र र ग्रहहरूको राजा भनिन्छ । अतः ज्योतिषशास्त्रमा सूर्यको महत्त्वपूर्ण स्थान छ ।

हाम्रो सृष्टिमा सबभन्दा महिमामय तत्त्व सूर्य नै हो । १८ वटा पुराणहरूमा नै सूर्यको बारेमा वर्णन गरेको छ भने

लिङ्गपुराणको उत्तर भागको २२ औं अध्यायमा सूर्योपासनाको राम्ररी व्याख्या गरिएको छ । श्रीमद्भागवतमा भनिएको छ कि सूर्यद्वारा नै दिशा, आकाश, द्युलोक, भूर्लोक, स्वर्ग, नर्कका साथै समस्त भागहरूको विभाजन गरिएको छ । विष्णु पुराणमा सूर्यको वैशिष्टय स्थिति गति आदिको वर्णन गर्नुका साथै विभिन्न महिनाहरूमा गरिने सूर्यको नामहरूका साथै नामको विशेषताहरूमा पनि बताइएको छ ।

१. चैतमा सूर्यको नामलाई धाता भनिन्छ । जसको अर्थ हो निर्माता (Creator) समर्थक (Supporter) संग्रहक प्राण (The Soul) ।

२. वैशाखको सूर्यलाई अर्यमा (आँकको रूख) भनिन्छ । सूर्यले पनि अर्कवृक्षले जस्तो सदा हराभरा रहने प्रेरणा दिन्छ ।

३. जेठको सूर्य- मित्र । वरूण र सूर्य वर्षा ऋतुको मित्र हो । आषाढमा वर्षा हुनुभन्दा अगाडि आफ्नो प्रभावबाट भूमण्डललाई तताएर वर्षाको आगमनको लागि वातावरण तयार गर्दछ ।

४. आषाढको सूर्य- वरूण (जलको स्वामी) । आषाढ वर्षा ऋतुको मालिक हो । सूर्यले समुद्रीय जललाई सोसेर पृथ्वीलाई जल प्रदान गर्नुहुन्छ । श्रीकृष्णले गीतामा आफूलाई म वरूण हुँ भन्नुभएको छ ।

५. श्रावणको सूर्य- इन्द्र, अर्थात् वर्षाको देव । यो महिनामा सूर्यले इन्द्रको रूपमा वर्षालाई नियन्त्रण गरेर आवश्यकता अनुसार पृथ्वीमा वर्षा गराउनुहुन्छ ।

६. भाद्रको सूर्य- विवस्वान् । अर्कवृक्ष अर्थात् अरूण । भाद्रमा धेरै गर्मी हुन्छ ।

७. आश्विनको सूर्य- पूषा (पोषक) । सूर्यले अन्नको पोषण गर्नुहुन्छ ।

८. कार्तिकको सूर्य- पर्जन्य (वर्षा गराउने मेघ) ।

९. मङ्सिरको सूर्य- अंशु (रश्मी) । आफ्ना गर्मीका किरणहरूबाट मङ्सिरका शीतलाई घटाउनुहुन्छ ।

१०. पुषको सूर्य- भग । सूर्य, चन्द्रमा, प्रशन्नता, प्रेम, यश, सौन्दर्य शक्तिलाई भनिन्छ । पुषको भयंकर शीतमा सूर्यले कल्याण गर्ने शक्ति प्रदान गर्नुहुन्छ ।

११. माघको सूर्य- त्वष्टा (निर्माता/विश्वकर्मा) । देवशिल्पी सूर्यले त्वष्टा जस्तै भएर भूमण्डललाई उज्ज्वल बनाउनेतर्फ अग्रसर हुनुहुन्छ ।

१२. फागुनको सूर्य- विष्णु (रक्षक, विश्वव्यापक) । सम्पूर्ण विश्व उही परमात्माको शक्तिबाट व्याप्त हुनुहुन्छ । त्यसैले उहाँलाई विष्णु भनिन्छ । यो महिनामा पुग्दा नपुग्दै सूर्य पुनः शक्तिमान हुनुहुन्छ ।

यसरी सूर्यको बाह्र रूपहरूमध्ये इन्द्र देवताको राजा, धाता, प्रजापति, जल वर्षाउने, त्वष्टा वनस्पति र औषधिहरूमा विराजमान छन् भने पुषा अन्नमा, विवस्वान् अग्निमा स्थित हुन्छ । जीवहरूले खाएको भोजन पचाउनमा अंशमान, वायुमा वरूण, जलमा मित्र । सम्पूर्ण लोकमा सूर्य अवस्थित छन् । महाभारतले पनि यही १२ सूर्यलाई मानेका छन् । (१/६६/३६)

सौर्यमण्डल सूर्य, चन्द्र आदि नवग्रह, त्रिदेव, साध्यदेव, मरूदगण र सप्तर्षिगणको निवास हो । यी सबैको प्रतिनिधित्व सूर्यले नै गर्नुहुन्छ ।

सूर्यको एउटा नाम सविता पनि हो । सविताको शक्तिलाई नै सावित्री भनिन्छ । तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात् । यो सविताको मन्त्र हो । यसमा गायत्री छन्दको प्रयोग हुने कारणले यसैलाई गायत्री मन्त्र भनिन्छ । छोटकरीमा यस मन्त्रको अर्थ भने देदीप्यमान भगवान् सविता (सूर्य)को त्यस तेजको हामी ध्यान गर्दछौं त्यो तेजले हाम्रो बुद्धिलाई बढाओस् भन्ने हो । यो मन्त्रमा वेदपाठ प्रारम्भ गर्नुभन्दा अगाडि यज्ञोपवीत अर्थात् जनै लगाएर ब्रह्मचारीको व्रतवन्धको संस्कारलाई सम्पन्न गरिन्छ ।

रविको दोश्रो पर्यायवाचक शब्द सूर्य हो । अतः रविवारको अर्थ सूर्यबार पनि हो । सूर्यबार भगवान् सूर्यको वार अर्थात् दिवस हो । सप्ताहको सात दिन कुनै न कुनै ग्रहहरूको दिवस हुन्छ । यसै प्रकारले सबै ग्रहहरूको स्वामी भगवान् सूर्यको दिन युगयुगान्तदेखि चलिरहेछ । सूर्यसँग सम्वन्ध राख्ने व्रत, जप, तप एवम् सबै पुजन कार्य तथा उनको लागि अर्घ्यदान सूर्यबाट नै मुख्य रूपबाट गरिन्छ । सूर्य पूजा अत्यन्न प्राचीन हो ।

पुराण, ग्रन्थहरूमा कुष्ट रोगको निवारण गर्न सूर्य देवको उपासना प्रार्थनालाई स्वीकारिएको छ । भविष्य पुराणको ब्रह्मपर्वमा पाइन्छ कि भगवान् कृष्णको पुत्र साम्व दुर्वासाको श्रापबाट कुष्ट रोगले ग्रसित भएका थिए । छोराको

रोगको कारणले दु:खित भएका भगवान् कृष्णलाई गरूडले शाकदीपबाट वैद्यविद्या पारदर्शी पण्डित ब्राह्मणहरूसँग रोगको निदान बारे प्रार्थना गर्दा ती ब्राह्मणहरूले सूर्य मन्दिर स्थापना गरी साम्वलाई सत्य सरोवरबाट मूक्ति दिलाएका थिए । सूर्य जीव मात्रका प्रेरणाका स्रोत हुन् । सूर्यादय भएपछि नै मनुष्य कर्म मार्गमा प्रवृत्त हुन्छ । सूर्यको किरणको उष्ण र वायुद्वारा समुद्रको जल वाष्पिकृत भई वर्षा हुने हुन्छ । साथै अग्निमा विधिपूर्वक हालेको आहूति सूर्यमा पुग्दछ, सूर्यबाट वृष्टि, वृष्टिबाट अन्न पैदा हुन्छ । अन्नबाट जीवले जीवन निर्वाह गर्दछ ।

आकाशमा उदाउने सूर्यको विभिन्न स्थान र स्थिति अनुसार आफ्नै किसिमको महत्त्व छ । सूर्य दक्षिणायन (छ महिना) हुँदा सूर्यको गति दिनमा तेज र रातमा मन्द हुने गर्दछ । सूर्य उत्तरायण हुँदा उनको दिनको गति मन्द र रातमा तेज हुन्छ । उत्तरायण भएको सूर्यको शास्त्रहरूमा विशेष महत्त्व बताइएको छ । इच्छा मृत्यु गरेका शक्ति सम्पन्न भीष्मले यही कुरालाई ध्यानमा राखी अत्यन्तै कष्टपूर्ण समय बिताई सूर्य उत्तरायण भएपछि प्राण त्याग गरे ।

धर्मराज युधिष्ठिर सूर्यको उपासना गर्दथे । सूर्य देवले उनलाई एक अक्षय पात्र दिनुभएको थियो भन्ने शास्त्रमा बताइएको छ । भगवान् राम पनि सूर्योपाशक हुनुहुन्थ्यो ।

सूर्यको जन्मको विषयमा भिन्दाभिन्दै कथाहरू हुनाले यही हो भनेर निश्चित गर्न सम्भव छैन । तर पनि उनलाई अदितिको पुत्र मानिन्छ । किनकि अदितिलाई प्रायः सबै देवताहरूको माता मानिन्छ ।

अति प्राचीन कालदेखि आजसम्म कसैले मानव मस्तिष्कलाई यति आकर्षित र चमत्कृत गरेन जति पूर्वमा उदाएर तेजस्वी एवम् स्तुत्य भगवान् सूर्यले गरिरहनु भएको छ । उहाँको किरण विना यस पृथ्वीमा प्राणीमात्रको जीवन सम्भव छैन । समयको कल्पना, दिन र रातको आगमन, महिना एवम् ऋतुहरूको विभाजन चन्द्रमाको क्षय एवम् वृद्धिद्वारा कृष्ण र शुक्ल पक्ष हुनु आदि सबै व्यवहारिक कुराहरूले मानव जीवनलाई निरन्तर प्रभावित पार्दछ । यी सबैको कारण सूर्य नै हुनुहुन्छ ।

अनादिकालदेखि मनुष्य जीवनको अनन्त प्रेरणाहरू एवम् इच्छाहरूलाई पूर्ण गर्ने भावमय मन्त्र वेदमा अभिव्यक्त गरिएको छ- असतोमा सद्गमय । तमसोमा ज्योतिर्गमय । मृत्योर्मा अमृतं गमय । अर्थात् अन्धकारबाट प्रकाशतर्फ, मृत्युबाट अमृततर्फ जानु नै मानव जीवनको उचित यात्रा हो । प्रकाश परम पवित्र चेतनाको प्रचीक हो । यदि असत्यबाट सत्तर्फ, मृत्युबाट अमरत्वतर्फ, अन्धकारबाट प्रकाशतर्फ जानु पर्दछ । त्यसतर्फ जानलाई हामीले जगत प्रकाशक भगवान् सूर्यको आराधना, उपासना, गर्नुपर्दछ ।

सूर्यको उपासना हिन्दु समाजमा विविध रूपको हुन्छ । कोही पूजात्मक, कोही कृतात्मक, कोही पठात्मक, कोही जपात्मक, कोही हवनात्मक रूपबाट उपासना गर्दछन् । सूर्यको सबै प्रकारको उपासनाहरूमा उपासकलाई सुख शान्तिको अनुभूति प्राप्त हुन्छ ।

ज्ञानयोग र भक्तियोगको साथसाथै सूर्य नारायण कर्मयोगको पनि आचार्य मानिन्छ । यसैले समस्त ज्ञान विज्ञानको सर्वस्व भगवतगीता ४/१ को अनुसार योग शिक्षा सर्वप्रथम भगवान् श्रीकृष्णले सूर्यनारायणलाई नै दिनुभयो । उनी नै आनन्दमय ज्ञानमय विज्ञानमय आदित्य नै हुन् ।

Light is life and darknesh is death. अर्थात् प्रकाश नै जीवन हो र अन्धकार मृत्यु हो । जहाँ सूर्यको प्रकाश किरण जान्छ त्यहाँ जीवको जीवन सुखदायी कल्याणदायी, आनन्ददायी हुन्छ ।

तैत्तिरीय आरण्यकमा भनिएको छ कि उदय र अस्त हुँदै गएको सूर्यको ध्यान उपासना गर्नाले सबै प्रकारको सुख सम्पदा र कल्याण प्राप्त हुन्छ ।

प्रत्येक मनुष्य सफल, सम्वृद्ध, सार्थक तथा शान्तिपूर्ण जीवन बाँच्न चाहन्छ तर पनि प्रत्येक क्षेत्रमा उसलाई धेरै चुनौतिहरूले घेरेको हुन्छ । वास्तविक आन्तरिक शान्ति आध्यात्मिक विचार तथा चिन्तनले मात्र सम्भव हुन्छ । जो भगवत् प्रेम तथा भगवत्प्रतिको विश्वासबाट प्राप्त हुन्छ । त्यसबाट हामीले हाम्रो जीवनलाई उज्ज्वल बनाउन सक्ने मार्ग दर्शन पाउँछौं । यसरी भगवान् र सूर्यमा भिन्नता देखिंदैन ।

भगवान्को दर्शन या भगवान् प्राप्ति सूर्यबाट सम्भव मानिन्छ । समस्त वेद, स्मृति, पुराण, रामायण, महाभारत आदि ग्रन्थ भगवान् सूर्यको महिमाबाट सजिएका छन् ।

विश्वका सबै धर्मले सामान्य रूपबाट प्रकाशलाई नै ईश्वरको उपस्थिति भनेको पाइन्छ । विश्वभरि नै समस्त मन्दिरहरू पूजनीय स्थानहरूमा द्वीप जलाइन्छ । त्यसैले आस्तिकहरू प्रत्येक दिन सन्ध्यामा धियो यो नः प्रचोदयात् को मन्त्रबाट आफ्नो वुद्धिलाई असल काममा लगाउन प्रार्थना गर्दछन् ।

नमो नमः कारणकारणाय
नमो नमस्ते पापविमोचनाये
नमो नमस्ने दितिजनार्दनाय
नमोनम सर्वपरप्रदाय
नमोनम सर्वसुखप्रदाय
नमोनम सर्व धनप्रदाय
नमोनम सर्व धन प्रदाय, नमोनमः ।

अर्थात्, कारणका कारण तिमीलाई नमस्कार, पाप नाश गर्ने तिमीलाई नमस्कार, दितिपुत्र दैत्यहरू नाश गर्ने तिमीलाई नमस्कार । रोग नाश गर्ने तिमीलाई नमस्कार र सम्पूर्ण वर प्रदान गर्ने तिमीलाई नमस्कार । सम्पूर्ण सुख प्रदान गर्ने तिमीलाई नमस्कार । सम्पूर्ण धन प्रदान गर्ने तिमीलाई नमस्कार । सम्पूर्ण चराचर जगतलाई मोक्षप्रदान गर्ने तिमीलाई नमस्कार । ❖ -

बत्तीसपुतली काठमाडौं

पुस महिनाका पर्व तथा विदा

७ गते मोक्षदा एकादशी/गीता जयन्ती

८ गते प्रदोष व्रत

९ गते क्रिसमस–डे

१० गते उधौली पर्व / धान्यपुर्णिमा/यःमरि पुन्हि/पूर्णिमा व्रत/दत्तात्रेय जयन्ती

१५ गते तमु ल्होसार

१६ गते सन् २०२४ आरम्भ/टोपी दिवस / पोशाक दिवस

१९ गते गोरखकाली पूजा

२० गते गुरू गोबिन्द सिंह जयन्ती

२२ गते सफला एकादशी

२३ गते अरनिको स्मृति दिवस

२४ गते प्रदोष व्रत/नेपाल ज्योतिष परिषद स्थापना दिवस

२७ गते पृथ्वी जयन्ती / राष्ट्रिय एकता दिवस/तोल ल्होसार

२९ गते राष्ट्रिय भाक्का दिवस

हार्दिक श्रद्धाञ्जलि

जन्मः २०२५/०३/२९ स्वर्गारोहणः २०८०/०८/२९

स्वर्गीय श्रीमती दुर्गा न्यौपाने

हाम्रा भाइ बालमकुन्द न्यौपानेकी धर्मपत्नी श्रीमती दुर्गा न्यौपानेको मिति २०८० मङ्सिर २९ गते ५६ बर्षको उमेरमा हृदयघातबाट हुन गएको असामयिक देहावसानले हामी सकलपरिवार स्तब्ध भएका छौं । यस दुःखद घडीमा दिवंगत आत्माले स्वर्गमा बास होस् भन्ने कामना गर्दै श्री पशुपतिनाथ भगवान्सँग प्रार्थना गर्दछौं ।

दामोदर न्यौपाने एवम् न्यौपाने परिवार

गीताको एकादश अध्याय

–डा. कान्ता भट्टराई

गीता सुगीता कर्तव्या किमन्यैः शास्त्रबिस्तरैः ।
या स्वयं पद्मनाभस्य मुखपद्मद्माद्विनि सृता ॥

श्रीमद्‌भगवद्‌गीता अनमोल रत्नको रूपमा रहेकोले यसको अद्वितीय स्थान छ । यो साक्षात् भगवान् श्रीकृष्णको मुखारविन्दबाट निःसृत परम रहस्यमयी दिव्य वाणी हो । भगवान्‌ले अर्जुनलाई निमित्त बनाएर मनुष्य मात्रको कल्याणका लागि यसमा उपदेश दिइएको छ । महाभारत भीष्मपर्वको चौबीस अध्यायसम्म सञ्जयले युद्धसम्बन्धी वृत्तान्त धृतराष्ट्रलाई श्रवण गराए । पच्चीस अध्यायबाट धृतराष्ट्रले सञ्जयलाई प्रश्न गरेपछि श्रीमद्‌भगवद्‌गीता प्रारम्भ हुन्छ । महर्षि वेदव्यासद्वारा रचित महाभारतको भीष्मपर्वमा रहेको प्रस्तुत ग्रन्थमा १८ अध्याय २७ सय श्लोकहरू रहेका छन् । श्रीमद्‌भवगद्‌गीताको महिमा गान गर्दै वेदव्यास भन्दछन्–

अन्य धेरै शास्त्रहरूको संग्रह गर्नुको के आवश्यकता छ ? गीता नै राम्रोसँग गान (श्रवण, कीर्तन, पठनपाठन, मनन र धारण) गर्नुपर्दछ । किनकि यो स्वयं पद्मनाभ भगवान्‌बाट साक्षात् निःसृत भएको हो ।

पाण्डवहरूले १२ वर्षको वनवास र १ वर्षको अज्ञातवास पूरा गरेपछि प्रतिज्ञा अनुसार आधा राज्य माग्दा धृतराष्ट्र पुत्र दुर्योधनले आधा राज्य त के कुरा सियोको टुप्पो जति जमिन पनि युद्धविना नदिने बताएपछि दुवै पक्ष युद्धको निम्ति तयार भए । महर्षि वेदव्यासले युद्धबाट क्षत्रीयहरूको ठूलो विनाश हुने बताए पनि धृतराष्ट्र पनि दुर्योधनकै इशारामा चल्ने भएकाले युद्धका नै पक्षपाति थिए । व्यासले युद्ध हेर्न धृतराष्ट्रलाई दिव्यचक्षु दिन खोज्दा आफू जीवनपर्यन्त अन्धो भएकाले कुल संहार भएको हेर्न नचाहने बताई बरू युद्धका बारेमा श्रवण गर्न चाहन्छु भने । धर्मात्मा ज्ञानी सञ्जयलाई व्यासले दिएको दिव्य दृष्टिबाट धृतराष्ट्रले युद्धका सम्पूर्ण घटनाहरू सुने । सञ्जयले धृतराष्ट्रलाई युद्ध विषयक कुराहरू सबिस्तार वर्णन गरे । २५ औं अध्यायको प्रारम्भमा धृतराष्ट्र सञ्जयलाई भन्दछन्–

धर्मक्षेत्रे कुरुक्षेत्रे समवेता युयुत्सवः
मामकाः पाण्डवाश्चैव किम कुर्वत सञ्जय ॥ (गीता १/१)

हे सञ्जय ! धर्मभूमि कुरूक्षेत्रमा जम्मा भएका मेरा र पाण्डुका पुत्रहरूले के गरे ? सञ्जयले धृतराष्ट्रलाई दुर्योधन गुरू द्रोणाचार्यसँग गएर द्रुपदपुत्र धृष्टद्युम्नद्वारा संरक्षित पाण्डवका सेनाहरू सात्यकी, राजा विराट, महारथी द्रुपद, काशिराज, सुभद्रापुत्र अभिमन्य, द्रोपदीका पाँच महारथीहरूका बारेमा बयान गर्दछन् । त्यसैगरी आफ्नो पक्षका द्रोणाचार्य, भीष्म, कर्ण, कृपाचार्य, अश्वस्थामा आदि वीरहरूका साथै चिरञ्जीवी व्यक्तित्व पनि आफ्नो सेनामा भएकाले सजिलै विजय प्राप्त हुने बताउँछन् । दुर्योधनलाई हर्षित गर्न भीष्म शङ्ख बजाउँछन् । भगवान् कृष्ण र अर्जुनबाट दिव्य शङ्खहरू बजाइन्छन् । जुन ध्वनिबाट अन्यायी दुर्योधन आदिको हृदय विदीर्ण हुन पुग्दछ । अर्जुनको अज्ञानुसार सारथी श्रीकृष्ण दुवै पक्षका सेनाका बीचमा रथ राख्नुहुन्छ । अर्जुनमा पिताहरू, पितामहहरू, आचार्यहरू, मामाहरू, भाइ, छोरा, नाति र आफन्तलाई देख्ता विषाद पैदा हुन्छ । युद्धमा मर्ने र मार्ने इच्छा गर्ने कुटुम्बलाई देख्ता अर्जुन शिथिल बनी युद्धस्थलमा उभिन पनि असमर्थ भएको र यस्तो युद्धले कुलीन स्त्रीहरू दूषित बन्दा राष्ट्र नै वर्णसङ्कर हुने भएकाले आफ्नो सुखका निम्ति आफन्तलाई मार्न चाहँदैनन् । भगवान् श्रीकृष्णले आत्म अविनाशी, अव्यय र नित्य रहेको बताउँदै भन्नुभयो–

नैनं छिन्दति शस्त्राणि नैनं दहति पावकः ।
न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः ॥ (गीता २/२३)

'जो जन्मन्छ, उसको अवश्य मृत्यु हुन्छ र जो

मर्दछ, उसको जन्म हुन्छ । त्यसैले यस विषयमा शोक गर्नु हुँदैन' भन्नुभयो । यो धर्ममय युद्ध भएकाले क्षत्रियका निम्ति योभन्दा कल्याणकारी कर्म अर्को छैन । जय पराजय, लाभ हानि र सुख दुःखलाई समान ठानेर युद्ध गर्दा पाप लाग्दैन । कर्तव्य कर्ममा मात्र तिम्रो अधिकार छ, त्यसको फलमा तिम्रो कुनै अधिकार नभएकोले कर्म फलमा असक्ति कदापि राख्नु हुँदैन । युद्धरूपी कर्म गर्दा समभाव राख्नु पर्दछ भन्ने श्रीकृष्णको सन्देश अत्यन्त मननीय रहेको छ । शान्ति प्राप्तिका निम्ति मनुष्यले सम्पूर्ण कामनालाई त्याग्नु पर्दछ । कुनै पनि मनुष्य एकक्षण पनि कर्म नगरी बस्न सक्दैन । किनकि सबै प्राणी प्रकृतिकै वशमा रहेका हुन्छन् । श्रीकृष्ण गीताको तृतीय अध्यायमा जसले कर्मेन्द्रियलाई जबरजस्ती रोकेर मनले इन्द्रियद्वारा विषयको चिन्तन गर्दछ त्यो मिथ्याचारी हो किनकि सांसारिक भोग बाहिरबाट र मनबाट भोगिन्छ । यसमा केही पनि भिन्नता छैन । हृदयबाट नै भोग त्याग गर्नु वास्तविक त्याग हो ।

यस्त्विन्द्रियाणि मनसा नियम्यारभतेऽर्जुन

कर्मेन्द्रियैः कर्मयोगमसक्त स विशिष्यते ॥ (गीता ३/७)

जुन मनुष्यले मनबाट नै इन्द्रियलाई नियन्त्रण गर्दै आसक्तिरहित भई कर्मेन्द्रियद्वारा कर्मयोगको आचरण गर्दछ त्यो श्रेष्ठ हो । मानिसका हरेक कर्महरू योगमय बन्नुपर्दछ । जीवन निर्वाहका निम्ति पनि शास्त्र निर्देशित कर्तव्य कर्म गर्दा मानिस परमात्मालाई प्राप्त हुने कर्मयोगको सन्देश श्रीकृष्णले दिनुभएको छ । राजर्षि जनकजस्ता अनेकौं महापुरूषले पनि कर्मयोगबाट सिद्धि प्राप्त गरेकाले तिमीले यस्ता व्यक्तित्वको जीवनीबाट शिक्षा लिएर कर्म गर्नुपर्ने बताउनु भएको छ ।

न मे पार्थास्ति कर्तव्यं त्रिषु लोकेषु किञ्चन ।

नानवाप्तमवाप्तव्यं वर्त एव च कर्मणि ।२२।

भगवान् श्रीकृष्णले पनि कर्मको आवश्यकता भएको बनाउँदै त्रिलोकमा कुनै पनि कर्तव्य आफ्नो बाँकी नरहेको र आफ्नो लागि केही प्राप्त गर्नु पर्ने पनि नहुँदा पनि अरूको हितका निम्ति लोकसँग साथै कर्म गरिनै रहेको बताउनु हुन्छ । भगवान् कर्तव्यपरायण हुनुहुन्छ । कहिले कर्तव्यच्युत हुनुहुन्न । त्यसैले मनुष्यले पनि नित्य कर्तव्यपरायण भएर सत्कर्म गर्न निर्देश गर्नुहुन्छ ।

कर्तव्यकर्म सावधानीपूर्वक नगर्दा ठूलो हानि हुन्छ । सम्पूर्ण मनुष्यले भगवद् मार्गको अनुसरण गर्ने भएकाले आफूले कर्म गर्नु परेको हो । कर्म नगर्दा सम्पूर्ण मनुष्य नष्ट भ्रष्ट भई वर्णसङ्कर हुने र कुलको नाशबाट सनातन कुलधर्म नष्ट हुन्छ । भगवान् श्रीकृष्ण त्रिलोककै आदर्श पुरूष हुनुहुन्छ । समस्त प्राणीले भगवान्को मार्गको अनुसरण गर्दछन् । त्यसैले तिमी (अर्जुन)ले कर्तव्य कर्मलाई उपेक्षा नगरी सावधानीपूर्वक पालना गर्नु पर्दछ । आसक्तिरहित तत्त्वज्ञ महापुरूषहरू अज्ञानी पुरूषले जसरी कर्म गर्दछन् । त्यसैगरी जीवनलाई कर्मशील बनाउनुपर्ने बताउनु हुन्छ ।

मानिसले सम्पूर्ण कर्तव्यकर्म भगवान्मा अर्पण गर्दा ऊ कर्म बन्धनबाट मुक्त हुन्छ । सनातन धर्म शाश्वत अनादि भएकाले मानिसले कुनै पनि परिस्थितिमा कर्मलाई त्याग गर्नु हुँदैन । बरू अनासक्त भएर स्वधर्मको नै पालन गर्नुपर्दछ ।

श्रेयान्स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात् ।

स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः ॥

अन्य वर्ण, आश्रम आदिका धर्म, बाहिरबाट हेर्दा गुणसम्पन्न सुगम र धन, वैभव, सुख, सुविधा, मान दिने देखिन्छ तर परधर्मलाई पालना गर्दा परिणाममा त्यो भयदायक नै हुन्छ । यसको विपरीत आफ्नो वर्ण, आश्रम आदिको धर्म बाहिरबाट हेर्दा गुणमा कमी, धन, वैभव, सुख, सुविधा, मान आदि प्राप्त नभए पनि त्यसको पालना गर्दा परिणाममा कल्याणदायक हुने कुरा वर्तमान परिप्रेक्ष्यमा अत्यन्त सान्दर्भिक रहेको छ ।

भगवान् विश्व रचनादि समस्त कर्म गर्नुहुन्छ । तर कर्मको फलमा आसक्ति आफूमा नभएकाले कर्ममा आफूलाई लिप्त नगरेको बताउँदै कर्ममा कामना नराख्दा अन्तःस्करण शुद्ध हुन्छ अनि ऊ कर्मको बन्धनमा बाँधिदैन । मानवका हरेक कर्म दिव्य हुनुपर्दछ । संसारमा प्राप्त वस्तुलाई आफ्नो नमानी सेवामा लगाउँदा त्यसको सदुपयोग हुने भएकाले यस्तो कार्यबाट महान आनन्दस्वरूप परमात्माको अनुभूति हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ-

न मां कर्माणि लिम्पन्ति न मे कर्मफले स्पृहा

इति मां योभिजानाति कर्मभिन स बध्यते ॥

श्रीमद्भगवद्गीतामा मानिसले आफूले गरेका

सम्पूर्ण कर्म परमात्मामा अर्पण गर्दा जलमा रहेको कमलको पातझैं पाप लिप्त हुँदैन । शरीर, इन्द्रिय, मन, बुद्धि आदि सबै भगवान्का हुन्, उहाँकै कृपाबाट सेवाका निम्ति प्राप्त भएका हुन् । यी वस्तुमा हाम्रो स्वतन्त्र अधिकार छैन । हाम्रा इन्द्रियहरूलाई आफ्नो इच्छानुसार न राख्न सक्छौं न मर्दा लिएर जान सक्छौं । त्यसैले कुनै पनि प्राणी, पदार्थ, शरीर, मन, बुद्धि प्राणमा रत्तिभर राग, ममता नराखी आसक्तिलाई सर्वथा त्याग्नुपर्ने बताइएको छ । भगवान्बाट विमुख बनी सांसारिक वस्तुको कामना गर्नु नै पापको मुख्य कारण हो । कामना आसक्तिबाट उत्पन्न हुन्छ । कुनै पनि कुरामा आसक्ति नहुँदा कामना हुँदैन । अनि पाप कर्म हुने सम्भावना पनि हुँदैन ।

ब्रह्म अर्थात् निर्वाण प्राप्तिका निम्ति सर्वत्र परमात्मतत्त्वको अनुभव गर्न सक्नुपर्दछ । प्राणीमात्रमा दया गर्ने र मानवमात्रमा समानताको व्यवहार गर्ने सन्देश गीताको रहेको छ । सबै प्राणी खुशी हुन्, सबैको हित होस् । कहिले पनि कसैलाई रत्तिभर कष्ट नहोस् किनकि सबैमा उनै परमात्मा समानरूपले रहनुभएको छ । त्यसैले योगी, साधकद्वारा स्वभाविक रूपमा अरूको कल्याण नै भइरहेको हुन्छ ।

गीतामा मानव मात्रले आफ्नो उद्धार गर्न सक्दछ किनकि आफ्नो उद्धार गर्नमा मनुष्य स्वतन्त्र हुन्छ । मानिस जे गर्छ, जे खान्छ, जे दिन्छ, त्यो सबै ब्रह्मार्पण गर्दा कर्मबन्धनबाट मुक्त हुन्छ । शरीरमा परिवर्तन भइरहन्छ । आफ्नो शरीरलाई सधैं सवल सुन्दर बनाउन चाहेर पनि सकिंदैन । त्यसैले शरीर आफ्नो लागि होइन यो वास्तविकतामा सदा दृढ रहनु पर्दछ । शास्त्र, भगवान्, गुरू आदिमा श्रद्धा विश्वास गरेर शास्त्रको आज्ञा पालना गर्दा आफ्नो पनि उद्धार हुन्छ । मानिस आफैं उद्धार र पतनको कारण हो, अरू होइन । ईश्वर प्रदत्त मानव देहमा आफ्नो कल्याण गर्ने सम्पूर्ण सामग्री रहेको छ । आफूमा नै अपूर्णता कमी हेर्न सक्नु पर्दछ । त्यो कमी अपूर्णतालाई हटाउने प्रयत्न गर्नुपर्दछ । आफूलाई उपदेश दिएर त्यसको पालन, धारण गर्नुपर्दछ । त्यसकारण आफ्नो उद्धार र पतनमा आफू नै कारण भएकाले आफू नै बन्धु हो । यदि आफैंले आफ्नो उद्धार गर्दैन भने ऊ आफैं आफ्नो शत्रु हो । आफू बाहेक उसका लागि कोही अरू शत्रु होइन । जसले शरीरादिलाई आफ्नो मान्दछ ऊ स्वयं आफ्नो शत्रु बन्छ भन्ने गीताको सन्देश अत्यन्त मननीय रहेको छ ।

कर्मयोगीले परमात्मालाई नजिकै देख्दछ, ज्ञानयोगीले परमात्मालाई आफैंमा रहेको देख्दछ र भक्तिगोगीले पशु, पक्षी, देवता, राक्षस, यक्ष, मनुष्य आदि सबैमा परमात्मालाई पाउँछ । त्यस्ता भक्तका निम्ति आफू कहिले पनि अदृश्य नहुने अर्थात् निरन्तर उसैको समक्ष रहने गरेको बताउनु हुन्छ । जब भक्त भगवान्लाई सबैतिर देख्छ भने भगवान् पनि भक्तलाई सबैतिर देख्नुहुन्छ । भक्त पनि भगवान्का निम्ति कहिले अदृष्य हुनुहुन्न ।

भगवान् श्रीकृष्णले अर्जुनलाई योगी बन्न आज्ञा दिनुहुन्छ । कामना पूर्तिका निम्ति लागेका तपस्विभन्दा भगवान्प्रति श्रद्धा राख्ने योगी श्रेष्ठ हुन् । सांसारिक भोग र ऐश्वर्य प्राप्तिको उद्देश्य राख्ने शब्दज्ञानीभन्दा पनि योगी नै श्रेष्ठ मानिन्छन् । यो लोकमा राज्य, सुख, धन, सम्पत्ति र परलोकमा उच्च लोकको प्राप्ति होस् भन्ने उद्देश्य राखेर जसले कर्म गर्दछ अर्थात् सकामभावले यज्ञ, दान, तीर्थ आदि कर्म गर्दछ, भने पनि तीभन्दा योगी नै श्रेष्ठ हुन् । सांसारिक सुख, सुविधाबाट विमुख बनी परमात्माप्रति नजिकिन्छ भने वास्तवमा त्यही नै योगी हो । यस्ता योगी ठूला ठूला तपस्वी, शास्त्रज्ञ, पण्डित र कर्मकाण्डीभन्दा श्रेष्ठ हुन् । तपस्वीहरूको उद्देश्य सकाम भाव हुन्छ तर योगीको उद्देश्य निष्काम भावका साथै परमात्मा हुन्छ । तपस्वीमा सहिष्णुता, ज्ञानीमा शास्त्रीय ज्ञान र कर्मीहरूमा शास्त्रीय क्रियाको प्राधान्यता रहन्छ । यी तीनैमा सकाम भाव रहने भएकाले यी तीन योगी होइनन्, ती भोगी हुन् । यदि यिनीहरूमा निष्कामभाव भएको भए श्रीकृष्णले योगीको तुलना गर्नु हुन्नथ्यो । त्यसैले तपस्वी ज्ञानी र कर्मीभन्दा राग, द्वेषले रहित योगी नै श्रेष्ठ भएको भगवान्को धारणा रहेको छ ।

शरीर क्षणभङ्गुर छ । आयुको निश्चय छैन तर जतिसम्म संसारमा रहिन्छ, सत्कर्म गरेर भगवान्मा समर्पित भएर रहनुपर्दछ । दुर्लभ मानवजीवनको सदुपयोग गर्नुपर्दछ । त्यसमा पनि मानव चोला सबभन्दा दुर्लभ छ तर क्षणिक छ । ईश्वर भेट्न सक्ने सम्भावना यही जन्ममा छ । भगवान्ले जीवलाई मनुष्य शरीर दिएर जन्म, मरणबाट छुट्कारा प्राप्तिको पूर्ण अधिकार दिनुभएको छ । तर मनुष्य

भगवान् प्राप्तिमा नलागी सुखभोग, रागका कारण जन्म, मरणकै चक्रादिमा फस्छ । मनुष्य जन्म केवल आफ्नो कल्याणको निमति प्राप्त भएको हो । सुख, भोगका निम्ति होइन । सत्य साई चरितम् महाकाव्यमा महाकवि भन्दछन्–

मनुज जननमेतद् दुर्लभं जन्ममध्ये

सकलभूवनचक्रे प्राप्तमीशप्रसादात् ।

अशन वसनमात्रं कार्यमेतस्य नास्ति

परमहित निमितं योज्यतां सत्प्रयासै ॥

सबै जन्ममध्ये दुर्लभ मनुष्य जन्म सारा संसार चक्रमा ईश्वरको निगाहबाट प्राप्त भएको छ । खाने र लगाउने मात्र यसको काम होइन । यसलाई परमकल्याण हुने कार्यमा प्रयत्नपूर्वक लगाउनु पर्दछ ।

मानिसले सदा भगवान्को स्मरण गरिहनुपर्दछ । अन्त्यकाल कुन बेला आउँछ, कसैलाई थाहा हुँदैन वास्तवमा भन्ने हो भने सबै समय अन्त्यकाल हो । समर्थ हुँदा मनपरी गर्ने, शरीर छुट्ने बेलामा भगवत्सस्मरण गरेर ईश्वर अर्थात मोक्ष प्राप्त गर्छु भन्ने धारणा गलत हो । अन्तिम अवस्थामा परमात्माको स्मरण गर्नलाई त पहिल्यैदेखि नै परमात्मचिन्तन गर्नुपर्दछ । श्रीकृष्ण गीतामा भन्नुहुन्छ–

अन्तकाले च मामेव स्मरन् मुक्त्वा कलेवरम्

यः प्रयाति स मद्भावं याति नास्त्यत्र संशयः ॥

त्यसकारण जहिले पनि सत्य, न्यायलाई स्मरण गरी कर्म गर्न उपदेश दिइएको छ ।

हितोपदेशमा भनिएको छ– धर्मको आचरण गर्दा कल्याणकारी कार्य गर्दा– 'गृहीत इव केशेषु मृत्युना धर्ममाचरेत्' मृत्युले मेरो केश समातिसक्यो, जस्तो गर्नुपर्दछ । जीवन इश्वरप्रदत्त भएकाले जीवनमा गरिने सम्पूर्ण कर्महरू जस्तो कि भोजन, यज्ञ, दान, तपस्या आदि भगवान्लाई अर्पण गर्दा 'म' र 'मेरा' भन्ने स्वार्थ भाव समाप्त हुन्छ र पूर्णताको प्राप्ति हुन्छ । त्यसैले श्रीकृष्ण गीतामा अर्जुनलाई उपदेशको रूपमा भन्नुहुन्छ–

यत्करोषि यदश्नासि यज्जुहोषि ददासि यत् ।

यत्रपस्यसि कौन्तेय तत्कुरुष्व मदर्पणम् ।९/२७।

गीतामा भक्त र भक्तिको गहन महिमा रहेको छ । भगवान्को चरणकमलको शरण नलिने व्यक्ति भक्तिले रहित भएका कारणले उनीहरूको बुद्धि पनि शुद्ध हुँदैन । त्यस्ताले आफूलाई मुक्त ठाने पनि वास्तवमा उनीहरू बद्ध नै हुन्छन् । कष्टपूर्वक गरिएका कामले उच्च पदमा पुगे पनि उनीहरूको अवसान भएर नै छाट्दछ । श्रीमद्भागवतमा ब्रह्मादि देवता भन्दछन्–

तथा न ते माधव तावका कवचित् भ्रश्यन्ति मार्गात्वयि बदसौहृदाः

त्वयात्रिगुप्ता विचरन्ति निर्भया विनायकानिकपमूर्धसु प्रभो ।

(श्रीमद्भा. १०/२/३३)

जो भगवान्का भक्त हुन्छन्, प्रभुको चरणमा उनीहरूको भक्ति र प्रेम हुन्छ । यस्ता भक्तहरूको अन्य ज्ञानाभिमानीहरूको जस्तो अवसान हुँदैन किनकि यिनीहरू प्रभुद्वारा सुरक्षित भएकाले ठूला ठूला विघ्नबाधा पुऱ्याउने सेनाका सरदारको शिरमा गोडा राखेर निर्भय भई विचरण गर्दछन् । कुनै पनि विघ्नबाधाले भक्तको मार्गमा व्यवधान पुऱ्याउन सक्दैनन् । जीव परमात्माको अंश हो । त्यसैले उसको उद्देश्य सदा परमात्मा प्राप्तिको निम्ति हुनुपर्दछ । यस्तो हुँदा ऊ तत्काल धर्मात्मा बनी पवित्र हुन्छ । त्यसैले भगवान्सँग नै सम्बन्ध जोड्नु पर्दछ । म यो वर्ण, आश्रम र नामको हुँ भन्दा अहं भावना जागृत हुन्छ । मन सदा आफ्नो प्रियत्मामा नै हुन्छ । भगवान्सँग जीवको अखण्ड सम्बन्ध भएको कारणले उहाँ कहिले पनि जीवलाई बिर्सन सक्नुहुन्न । तर जीवको अन्यमा नै प्रेम हुने भएकाले ईश्वरलाई भुल्छ । त्यसैले सदा भगवान्मा मन स्थिर गर्नु पर्दछ । खाँदा, पिउँदा, सुत्दा, उठ्दा, हिंड्दा, डुल्दा, काम गर्दा भगवान्को स्मरण गर्दै ती कर्महरूद्वारा भगवान्कै पूजा गरेको संझनु पर्ने सन्देश गीताको रहेको छ ।

अर्जुन श्रीकृष्णका प्रिय सखा हुन् । त्यसैले उहाँ गोपनीय कुरा पनि साथीलाई बताउनु हुन्छ । भगवान् अनादि, अनन्त, सनातन हुनुहुन्छ । देवता, महर्षि आदि भगवान्बाट नै प्राकट्य भएकाले उहाँको अद्भूत चरित्रको बारेमा बुझ्ने सामर्थ्य उनीहरूमा हुँदैन । भगवान् सम्पूर्ण लोक तथा ईश्वरको पनि ईश्वर हुनुहुन्छ । बुद्धि, ज्ञान, क्षमा, सत्य, दम, शम, सुख, दुःख, उत्पत्ति, विनाश, सन्तोष, दान आदि भगवान्बाट नै हुन्छ । सप्तर्षि, महर्षि र सनकादि भगवान्का मानसी सृष्टि हुन् । यिनीहरूको भगवान्का प्रति अनन्य भक्तिभाव रहेको छ ।

भगवान् नै सृष्टिको उत्पादक र सञ्चालक हुनुहुन्छ ।

त्यसैले उहाँकै आश्रय लिएर प्रेम, श्रद्धा गर्न नै बुद्धिमानी हो । यस्ता भक्तलाई नै उहाँ तत्त्वज्ञान पनि दिनुहुन्छ र उसका अज्ञानजन्य अन्धकारलाई नाश गरिदिनुहुन्छ । गीताको दशौं अध्यायमा अर्जुन श्रीकृष्णलाई योग र दिव्य विभूतिलाई विस्तृत रूपमा बताएर अज्ञान, राग र मोह नाश गर्न प्रार्थना गर्दछन् । भगवान्को एउटा नाम अनन्त पनि हो । त्यसैले उहाँका अनन्त विभूति छन् ।

श्रीकृष्ण आफ्नो दिव्य, अलौकिक, विलक्षण विभूति इच्छुक अर्जुनलाई संक्षेपमा सम्पूर्ण प्राणीहरूको आदि, मध्य र अन्तमा आफू नै भएको बताउनु भएको छ । यसबाट यो बुझ्नु पर्छ कि भगवान्सिवाय केही छँदैछैन । जे छ त्यो सबै भगवान्को नै हो । अदितिका पुत्रहरूमध्ये चन्द्रमा, नक्षत्र, तारा, अग्नि आदि प्रकाशमानहरू मध्ये सूर्य हुँ किनकि सूर्यको प्रकाशबाट नै सबै प्रकाशमान हुन्छन् । ४९ मरूत्मा भएको तेज पनि आफू नै भएको बताउनु भएको छ । यही तेजका कारण इन्द्रले दितिको गर्भलाई उनन्चास टुक्रा पार्दा पनि नाश भएनन् । अश्विनी, भरणी, कृतिका, रोहिणी आदि सत्ताइस नक्षत्रहरूमा तिनीहरूका अधिपति चन्द्रमा भएको बताउनु भएको छ ।

वेदका ऋचाहरू गाइन्छन् । तिनलाई सामवेद भनिन्छ । यसमा भगवान्लाई इन्द्रको स्वरूपमा स्तुति गरिएको छ । सामवेदलाई विभूति भनिएको छ । सूर्य, चन्द्रमा आदि जति देवता छन्, ती सबैमा स्वर्गका राजा इन्द्र मुख्य रूपमा रहेका छन् । उनी नै सबैका अधिपति पनि हुन् । आँखा, कान आदि सबै इन्द्रियहरूमा मन नै मुख्य रूपमा रहेको हुन्छ । सबै इन्द्रियहरू मनको आज्ञानुसार कार्य गर्दछन् । मन बिना इन्द्रियहरू आफ्नो काम गर्न सक्दैनन् । भगवान्को कारणले नै मनमा यस्ता विशेषता देखिएको हो । त्यसैले भगवान्ले मनलाई आफ्नो विभूति बनाउनु भएको हो ।

सम्पूर्ण प्राणीहरूमा रहेको जुन चेतना शक्ति छ, त्यसलाई भगवान्ले आफ्नो विभूति बनाउनु भएको छ । यी विभूतिहरूमा जुन विशेषता रहेका छन् त्यो भगवान्कै कृपा प्रसादबाट प्राप्त भएको हो । उहाँको कृपाबिना यिनीहरूको स्वतन्त्र विशेषता केही पनि छैन ।

एघार रूद्रहरूमा शङ्कर सबैका अधिपति हुन् । 'शम् करोतिति शङ्कर' जो सबैको कल्याण गर्दछन् उहाँ नै शङ्कर हुनुहुन्छ ।

पुसः कृपयतो भद्रे सर्वात्मा प्रियते हरिः
प्रीते हरौ भगवति प्रीयेऽहं सचराचरः ।
तस्मादिदं गरं भुञ्जे प्रजानां स्वस्तिरस्तु मे । (भागवत ८/७/४०)

दीन, दुःखीहरूप्रति जसले कृपा गर्दछ, ऊप्रति भगवान् श्रीकृष्ण प्रसन्न हुनुहुन्छ । जब भगवान् प्रसन्न हुनुहुन्छ, तब चराचर जगतसँगै म (शिव) पनि प्रसन्न हुन्छु । त्यसैले कालकूट विष भक्षण गर्दछु जसबाट प्रजाको कल्याण होस् । शिवजीको कृपालुता देखेर नै श्रीकृष्णले भगवान् शङ्करलाई आफ्नो विभूति बनाउनु भएको हो ।

कुबेर यक्ष तथा राक्षसका अधिपति हुन् । यिनी भगवान् शिवका पार्षद पनि हुन्-

हेलनं गिरिशभ्रातुर्धनदस्य त्वया कृतम् । (भागवत ४/११/३३)

धनाध्यक्ष कुबेरलाई भगवान् शङ्करका भाइ पनि भनिएको छ । यक्ष राक्षसका प्रमुख भएकाले यिनी पनि भगवान्का विभूतिका रूपमा रहेका छन् ।

वसुहरूमा पावक (अग्नि) सबैका अधिपति मानिन्छन् । अग्निले नै सबै देवतालाई यज्ञको हवि पुऱ्याउने काम गर्दछन् । यिनलाई भगवान्को मुख पनि भनिएको छ । त्यसैले अग्निलाई भगवान्ले विभूति भन्नुभएको छ ।

पर्वतहरूमध्ये सुमेरू मुख्य पर्वत मानिन्छ । यो पर्वत सुवर्ण आदि रत्नहरूको खानि हो । त्यसैले यसलाई भगवान्ले आफ्नो विभूति भन्नुभएको छ । यी विभूतिहरूमा देखिने विशेषता भगवान्बाट नै आएको हो । त्यसैले यी विभूतिमा परमात्माको नै चिन्तन गर्नुपर्दछ ।

संसारका सम्पूर्ण पुरोहितहरूमा र विद्याबुद्धिमा वृहस्पति श्रेष्ठ हुन् । यी इन्द्रका गुरू तथा देवताका कुलपुरोहित हुन् । त्यसैले आफ्ना प्रिय साथी अर्जुनलाई वृहस्पतिलाई विभूति मान्न भन्नुभएको छ ।

स्कन्द (कार्तिकेय) शङ्करका पुत्र हुन् । यिनका ६ मुख र १२ हात छन् । यिनी देवताका सेनापति हुन् । देव दानव युद्धमा सेनापतिको रूपमा युद्धमा रहेर देवतालाई विजयश्री दिलाएका हुन् । र संसारका सम्पूर्ण सेनापतिहरूमा श्रेष्ठ छन् । त्यसैले भगवान् श्रीकृष्णले यिनलाई आफ्नो विभूति भन्नुभएको छ ।❖ क्रमशः

-अनामनगर, काठमाडौं

पृथ्वीनारायणको पुनर्जन्म भयो त ?

हरिप्रसाद सोडारी

आजभन्दा झण्डै तीन सय एक वर्षअगाडि नरभूपाल शाह र कौशल्यावतीका जेष्ठ सुपुत्रका रूपमा गोरखा, माझकोटमा एक युवराजले ७ महिनामा नै जन्म लिए । जेठीआमा चन्द्रप्रभाबाट युद्ध, राजनीति, भौगोलिक ज्ञान पाए । अन्तिम अवस्थाका बुबा नरभूपाल राजनीतिप्रति उदास भएकाले ती बालक पृथ्वीनारायणलाई यसतर्फ बढी सक्रिय, सजग र संवेदनशील बनाउने काममा तात्कालीक भारदारहरूले पनि निकै मिहिनेत गरे । बाइसे र चौबिसेका खिचातानीलाई राम्रोसँग अध्ययन गरेका पृथ्वीनारायणमा राजनीतिक चेत, सांगठनिक कौशल, युद्ध चातुर्य थियो । पृथ्वीनारायणले जनता र सैनिकमा राष्ट्रभक्तिको के खाँडो जगाए ? जसले भीमसेन थापाको पालासम्म नेपाल विस्तारका लागि लडिरहे । पृथ्वीनारायणले जग राखेको सेनाभित्र आजसम्म अन्यको तुलानामा विकृतिले प्रवेश पाएको छैन । उनको एकीकरणमा जनता, सेना र राजपरिवार नामका तीन ब्रह्मास्त्रबीच साह्रै राम्रो समन्वय थियो । गुप्तचर, विद्वान्, सेना, साधुसन्त आदिको उचित परिचालन र सदुपयोग आधुनिक इतिहासमा कि त पृथ्वीनारायणको पालामा कि त महेन्द्रको शासनकालमा भएको पाइन्छ । उनको निर्णय क्षमता, कार्यशैली हुबहु राजा महेन्द्रले अपनाए भन्दा फरक पर्दैन ।

नेपालको आधुनिक इतिहासलाई राम्रोसँग हेर्ने हो भने पृथ्वीनारायण र महेन्द्रमात्र राजाका रूपमा जन्मिएर नेपालको गरिमा बढाए । इतिहासका पाना पल्टाउँदा, पृथ्वीनारायण र राजा महेन्द्रका धेरै पक्षमा समानता देखिन्छन् । राष्ट्रको अस्मिता जोगाउन सेना र प्रहरीको ठूलो भूमिका हुन्छ । पृथ्वीनारायणले जसरी सेनालाई व्यवस्थित र सङ्गठित बनाएका थिए, त्यसरी नै राजा महेन्द्रले प्रहरीलाई स्थायी बसोबास र राशनपानीको प्रबन्ध गराए । कीर्तिपुरको पहिलो युद्ध र एकपटक नुवाकोट जाँदै गर्दा पृथ्वीनारायण शाहलाई झन्डै मारिएको थियो । राजा महेन्द्र पनि जनकपुर भ्रमणमा हुँदा झन्डै बमको शिकार बन्नुपरेको थियो । पृथ्वीनारायणले गोरखाली फौजहरूबाट मारिएका शत्रुहरूको परिवारको खानपान र बसोबासको पनि राम्रो हेरविचार गर्दथे । जस्तै नुवाकोटमा गोरखाली सेनाबाट मारिएका जयन्त राना एवम् शङ्खमणिका परिवारलाई गाँस, बासको व्यवस्था गरेका थिए । यही स्वभाव राजा महेन्द्रको पनि थियो । प्रजातन्त्र अपदस्थ गर्दा शिकार बनेका नेताका परिवारलाई उनले दुःख दिएनन् । राजा महेन्द्र र वी.पी. बीच कुरा मिलेन तर महेन्द्रले जेलमा बसेका वी.पी.को स्वास्थ्य, खानपान तथा बसोबासका बारेमा निकै चासो दिन्थे । कैयौँपटक सुन्दरीजलको जेलबाट वी.पी.लाई नारायणहिटी ल्याएर रातभरि छलफल गरी बिहानको मिर्मिरेसँगै सुन्दरीजल पुऱ्याएको कुरा गुरुदेव (डा. स्वामी प्रपन्नाचार्य)का श्रीचरणमा रहँदा सुनेको थिएँ । अहिले पनि जीवित रहेका राजा महेन्द्रका डाक्टर, सुरक्षाकर्मी एवं पूर्वमन्त्रीहरूलाई यी विषयमा राम्रो जानकारी छ ।

पृथ्वीनारायणका समकक्षी तात्कालीक विश्वका शासकहरूमा जुन साहस र बौद्धिक तागत देखिन्छ, तीभन्दा उनी पनि कम थिएनन् । यो विशेषता राजा महेन्द्रमा पनि भेटिन्छ । पृथ्वीनारायणले राखेको एकीकरणको जगमा बहादुर शाह र राजेन्द्रलक्ष्मीले ठूलो परिश्रम गरी नेपालको स्वरूप निर्धारण गरे । चन्द्रशमशेरले नेपाललाई अङ्ग्रेजको दृष्टिमा छुट्टै राज्यको दर्जा दिलाए भने राजा महेन्द्रले विधि; कानून, भूगोलको नक्शा र आन्तरिक रेखाङ्कन गरी नेपालको सार्वभौमलाई सबल तुल्याए । पृथ्वीनारायण शाह सात महिनामा जन्मिए तर राजा महेन्द्र उनका बाबुआमा क्रमशः १४ र १३ वर्षको उमेर हुँदा नै पैदा भए । महेन्द्रको

जन्म वि. सं. १९७७ जेठ २९ गते भएको थियो जब कि श्री ५ त्रिभुवनको जन्म वि. सं. १९६३ असार १७ मा भएको हो । आयुर्वेदका ग्रन्थहरूले भनेका छन् "बाबुआमाको उमेर जोड्दा ३० वर्ष नकट्दै बच्चा जन्मियो भने कि त तुरून्तै मर्छ, कि त अपाङ्ग हुन्छ, कि त महाराजा हुन्छ ।" यही नियम सात महिनामा जन्मिएको बालकमा पनि लागु हुन्छ । यस्तो संयोग त्यसअघि र पछिका राजाहरूमा देखिएन ।

पृथ्वीनारायण शाहका दुईवटा श्रीमती थिए, एउटीबाट सन्तान नै जन्मिएनन् । राजा महेन्द्रको पनि

त्यही अवस्था भयो । इन्द्रराज्यलक्ष्मीबाट सन्तान जन्मिए पनि रत्नसरकारबाट जायजन्म भएन । अन्य राजाहरूका रानीहरूबीच झगडा एवम् उत्तराधिकारी आफ्नै सन्तान हुनुपर्नेमा विवाद हुन्थ्यो तर यी दुई राजामा कहिल्यै यस्तो दुर्भाग्य देखा परेन । पृथ्वीनारायण शाह सन्तान प्रेममा भन्दा राष्ट्रप्रेममा लिप्त थिए । महारानी नरेन्द्रलक्ष्मीका कोखबाट वि. सं. १८०८ मा प्रतापसिंह शाह जन्मदा पृथ्वीनारायण शाह गैडीथुमको युद्धमा थिए । पुत्रको मुख हेर्न तत्काल गोरखा आएनन् भन्ने आरोप लगाएका थिए । राजा महेन्द्रले जनता र राष्ट्रको मर्म बुझ्न देशाटन गरे । कतै शिकारको बहानामा, कहिले तीर्थाटनको सन्दर्भमा, कतै प्राकृतिक सुन्दरताको दर्शन गर्ने योजनामा तर यथार्थमा उनी भूगोल बुझ्न र जनतासँग निकट हुन चाहन्थे ।

पृथ्वीनारायण शाहजस्तै राजा महेन्द्र पनि अन्य राजाहरूको तुलनामा राष्ट्रप्रेममा लिप्त थिए, स्त्रीमोहबाट ग्रस्त थिएनन् । यी दुवैले अरूको रायसल्लाह लिन्थे अनि सतसत् विचार गरी निर्णय आफ्नै तरिकाले गर्दथे । पृथ्वीनारायणले कीर्तिपुरको पहिलो युद्ध र महेन्द्रले वी.पी लाई नजरबन्दको घटनाले यसलाई पुष्टि गर्छ । स्वदेश र विदेशमा गुप्तचर खटाउन पृथ्वीनारायण शाह जति चतुर थिए, त्यो स्वभाव महेन्द्रमा पनि थियो । पृथ्वीनारायणले गाइने, जोगी आदिका भेषमा शत्रु राज्यको सत्यतथ्य बुझ्न पठाउँथे । महेन्द्रको पालापछि नेपालमा गुप्तचरको परिचालन यो रूपमा कहिल्यै भएन ।

पृथ्वीनारायण शाहले आफ्नो बुबाको देहान्त (वि. सं. १७९९) भएको केही महिनापछि नै बनारसयात्रा गरेर तात्कालीक भारतको अवस्था एवम् अङ्ग्रेजको रणनीति बुझेका थिए । राजा महेन्द्र पनि वि. सं. २०११ चैत्र ३० गते राज्यारोहण भएपछि वि. सं. २०१२ कार्तिक ३० गते नै ३६ दिने भारत भ्रमणमा निस्किएका थिए । यो भ्रमणले महेन्द्रलाई बेलायतको प्रशासन, भारतको अवस्था र नेपालले अब खेल्नुपर्ने भूमिकाको बारेमा राम्रो ज्ञान हासिल भएको थियो । पृथ्वीनारायण शाहले नेपाललाई असली हिन्दुस्थान भनेका थिए भने राजा महेन्द्रले कानुनी रूपमा पहिलोपटक नेपाललाई हिन्दुराज्य घोषण गराएका थिए । महेन्द्रले भारत भ्रमणका क्रममा विभिन्न तीर्थस्थल, देवस्थलमा पूजा, पाठ गरेर हिन्दु सम्राट् भएको सन्देश प्रवाह गरे । यसपछि नै महेन्द्रलाई हेर्ने भारतको दृष्टि शङ्कास्पद हुन थाल्यो ।

महेन्द्रले भूमिसुधार लागु गरे यसबाट आफन्त नै

चिढिए । भूमिमाथिको अत्यधिक पहुँच त्यतिबेला अधिकांश शाह र राणापरिवारमा थियो जो उनका घरपरिवार, मावली र ससुराली भित्रकै थिए । राष्ट्रहितका अगाडि आफन्तको लाभहानिलाई राजा महेन्द्रले ध्यान दिएनन् । काठमाडौँ उपत्यका विजय गरेपछि केही स्थानको राजा बन्न पाउने माग पृथ्वीनारायणका भाइहरूले राखेका थिए । सुदूर भविष्यसम्मको विचार गरी, विगतबाट पाठ सिक्दै पृथ्वीनारायणले भाइहरूलाई राज्य बाँडेनन् । यसपछि भाइहरूले पृथ्वीनारायणको साथ छोडिदिएर कोही पाल्पातिर, कोही अन्य शत्रुराज्यतिर लागेर असहयोग गर्न थाले ।

पृथ्वीनारायण शाहले अङ्ग्रेजलाई आफ्नै स्रोत, साधन र जनबलबाट धपाए, विदेशी सहयोगको अपेक्षा गरेनन् । मन्दविषरूपी अङ्ग्रेजसँग जयप्रकाशले गोरखालीसँग मुकाबिला गर्न आवश्यक पर्ने सैन्यशक्तिको सहयोग गरिदिन निवेदन गरेका थिए । राणालाई धपाउन राजा महेन्द्रका पिताले भारतको सहयोग लिए । भारतले जब नेपालमाथि अनावश्यक चासो दिन थाल्यो, यसबाट मुक्ति पाउन राजा महेन्द्रले न त चीनको, न त बेलायतको साथ मागे । आफ्नै बुद्धि र औकातअनुसार भारतलाई सभ्य र कूटनीतिक उत्तर दिए । पृथ्वीनारायणलाई बेलायतले र महेन्द्रलाई भारतले न त बुझ्न सक्यो, न त तौलन सक्यो । पृथ्वीनारायणलाई अत्याउन एवं एकीकरणलाई असफल पारिदिन अङ्ग्रेजले जस्तै महेन्द्रलाई गलाउन भारतले नेपालका विभिन्न पार्टी र व्यक्तिलाई हात लिएर दुःख दिने प्रयास गर्‍यो । राजा महेन्द्रले भारतलाई नमस्कार गरेनन्, बरू माटोलाई शिरमा, जनतालाई हृदयमा राखेर मुक्तिका लागि आफ्नै उपायहरूको कार्यान्वयन गराए । नेपालको इतिहासमा विदेशी र स्वदेशी दलालको शिकार नबनेका राजा कि त पृथ्वीनारायण हुन्, कि त राजा महेन्द्र नै ।

पृथ्वीनारायणलाई आफ्ना छिमेकीराज्यहरू लमजुङ, तनहुँ, कास्की, पर्वतका साथै विश्वपरिवेशका बारेमा राम्रो जानकारी थियो । महेन्द्रको पालामा भारत र चीनको अवस्था उही थियो । दुवैलाई समदुरीमा राखी नेपाललाई अन्तर्राष्ट्रिय क्षेत्रमा आफैँले चिनाए र बाह्य हस्तक्षेपलाई उचित व्यवस्थापन गरे । पञ्चशीलको सिद्धान्त र असंलग्न परराष्ट्रनीतिको जन्म गराए । उनले पहलकदमी नउठाएका भए अहिले भोगिरहेको हस्तक्षेप वा दुरावस्था त्यतिबेला नै आइसकेको हुने थियो ।अझ प्रष्ट भाषामा भन्नुपर्दा यो राष्ट्र त्यतिबेला नै सिक्किमीकरण, काश्मिरीकरण वा टुक्राटुक्रा हुन पनि सक्थ्यो ।

पृथ्वीनारायणले मौका पर्नसाथ राष्ट्रको स्वाभिमान बढाउने, शान तथा मानलाई उच्च बनाउने काम गर्थे । राजा महेन्द्रले पनि कीर्तिनिधि विष्टलाई प्रधानमन्त्री बनाएर नेपालको उत्तरी चेकपोष्टबाट भारतीय सेना हटाउन लगाए । विशेष अवसर पारेर राष्ट्राध्यक्षका रूपमा विभिन्न राष्ट्रको भ्रमण गरी नेपालको पहिचान र परिचयको प्रवाह गरे । पृथ्वीनारायणले कालु पाँडेलाई अचानक गुमाउनुपर्‍यो र त्यसपछि उनीजस्ता शूरवीर एवम् दीर्घकालिक सोचविचार तथा क्षमताका प्रधानमन्त्री वा सेनापति पाएनन् । राजा महेन्द्रले पनि दुईतिहाई बहुमत प्राप्त दक्ष र कुशल तात्कालीक प्रधानमन्त्री वी.पी.लाई अपदस्थ गरे । त्यसपछि उनलाई जोडा मिल्ने सुयोग्य प्रधानमन्त्री पाएनन् ।

पृथ्वीनारायणका नाति रणबहादुर शाह सुरक्षाको घेरामा हुँदा पनि उनका भाइ शेरबहादुर शाहबाट मारिए । महेन्द्रका नातिहरू दीपेन्द्र र निराजन पनि वि. सं. २०५८ जेठ १९ गतेको दरबारहत्यकाण्डमा परलोक भए । पृथ्वीनारायणको नाति रणबहादुर शाहमा जस्तै महेन्द्रका नातिहरूमाथि पनि अनावश्यक कलङ्क थोपरियो । पृथ्वीनारायण शाहले उचित व्यक्तिलाई सम्बद्ध स्थान र जिम्मेवारी दिन्थे । विराज बखेतीलाई जिम्मेवारी दिने विचारमा रहेका पृथ्वीनारायण शाहले जनता र छिमेकी राज्यको इच्छा कालु पाँडेलाई भएपछि त्यही काम गरे । राजा महेन्द्रले विदेशमा रहेका नेपाली प्रतिभालाई नेपाल बोलाएर प्राज्ञिक सदस्य, विभागीय प्रमुख, सचिवदेखि मन्त्रीसम्म बनाए । राष्ट्रका प्रतिभा र सक्षम व्यक्तिहरूलाई नेपालमा कि त पृथ्वीनारायणले प्रयोग गरे कि त महेन्द्रले गरे । उनीहरूकै पालामा योग्य मान्छेले स्थान पाए । जसरी पृथ्वीनारायण शाहले विशाल अङ्ग्रेजसँग सजग रहे, राजा महेन्द्र पनि तात्कालिक भारतका प्रधानमन्त्री जवाहरलाल नेहरू र गृहमन्त्री सरदारभाइ पटेलसँग समदुरीमा रहे । आयु सकिन लागेको आभास भएपछि आफ्ना निकटवर्तीलाई लिएर पृथ्वीनारायण शाह नुवाकोटभैरवीको दर्शन गर्न पुगे । मङ्सिर महिनामा भैरवीको मन्दिरभित्र ध्यान गरी आयु

थपिदिन याचना गरे । भैरवीको वाणी भयो । (नेपालको आलोचनात्मक इतिहास ढुण्डीराज, तृतीय खण्ड, पृ. २७) "तेरो आयु मैले थपिकन हुँदैन । यो जन्म भोग गरिसकिस् । अर्को जन्म नेपालको भोग माग्छस् भन्या मेरा शरणमा प्राण छोडेस् तँलाई नेपालको ठूलो भोग म दिउँला ।"

यो आशीर्वचनयुक्त वाणी सुनेपछि पृथ्वीनारायण शाहले आफ्ना निकट भाइभारदार, गुरूपुरोहित आदि बोलाई जीवनभरका अनुभव र भावीपुस्ताका लागि मार्गदर्शन गरे, त्यसको सँगालोलाई दिव्योपदेश भनिन्छ । उनले नुवाकोटको तादी (सूर्यमती) र त्रिशूली (धर्मधारा) नदीको दोभान (देवीघाट) मा देह विसर्जन गरे । राजा महेन्द्रले लेखेका कविता, विभिन्न समयमा दिएका मन्तव्यले पनि नेपालका लागि दिव्योपदेशसरह नै मार्गदर्शन गरेको देखिन्छ । पृथ्वीनारायणले कमाराकमारी प्रथाको उन्मूलन गरे, राजा महेन्द्रले छुवाछुत प्रथाको अन्त्य गर्ने कानून ल्याए । महेन्द्रले ल्याएको नयाँ मुलुकी ऐनले पृथ्वीनारायणको भावना र मार्गदर्शनलाई प्रतिबिम्बित गर्दछ । पृथ्वीनारायण शाहले देवीघाटनजिकै त्रिशूलीको किनारमा प्राण त्यागे, महेन्द्रले त्रिशूलीको पुछार अर्थात् देवघाटनजिकै धामगमनको स्थान बनाए । पृथ्वीनारायणले वि. सं. १८३१ माघ १ गते देहत्याग गरेभने महेन्द्रले वि. सं. २०२८ माघ १६ गते अर्थात् माघ महिनामा नै आफूलाई नेपालआमाको काखमा विर्सजन गरे । पृथ्वीनारायणले नेपाल एकीकरण गरे शासन गर्न पाएनन्, महेन्द्रले पनि कानून बनाउने, शासनप्रणालीको बाटो तयार गरे तर शासन गर्न पाएनन् । पृथ्वीनारायणमा वैदिक धर्म, संस्कृति र आफ्नै कलाकौशलप्रति मोह थियो । नुवाकोटदरबार, काठमाडौँको नौतलेदरबार यसका उदाहरण हुन् । राजा महेन्द्रको पनि पोखरास्थित फेवातालको मञ्जिल होस् वा चितवनको दियालोबङ्गला दुवैमा यी गुण मिल्छन् ।

महेन्द्र सरकारले वि. सं. २०११ साल फाल्गुन ३० गते राजा त्रिभुवन दिवङ्गत भएपछि शासनको बागडोर सम्हाले । पृथ्वीनारायणले पनि नरभूपाल शाहको चैत्र २५ मा बागडोर लिएका थिए । नरभूपालको मृत्यु हुँदा पृथ्वीनारायण साथमा थिएनन्, त्रिभुवन सरकारको मृत्यु स्वीजरल्याण्डमा भएको हुनाले राजा महेन्द्र पनि उनका बुबाका साथमा थिएनन् । महेन्द्र सरकारका पिताश्री त्रिभूवनलाई पनि पृथ्वीनारायणका बुबा नरभूपालको जस्तै एक प्रकारले अन्तिम समयमा निकै तनाव थियो । राणाको पञ्जाबाट नेपाल भर्खर स्वतन्त्र भएको, त्रिभूवनका स्वकीय सचिवसमेत भारतीय नै थिए । उनलाई अन्ताराष्ट्रिय दबाब र आन्तरिक व्यवस्थापनमा निकै समस्या थियो । बुबाको जीवनकालमा राजा महेन्द्रले राणाशासनको अन्त्यमात्र देखेनन्, उनले भारतको प्रभाव र नेपालको आन्तरिक मामिलालाई राम्रोसँग बुझेका थिए । पृथ्वीनारायणले पनि नरभूपालले नुवाकोटमा पराजय भोगेको, लमजुङबाट सहयोग नमिलेको, अनेकौँ तनावका परिस्थितिलाई सानै उमेरमा राम्रोसँग बुझेका थिए ।

पृथ्वीनारायण शाहका दुई छोरामा एउटा राजा, एउटा राजकुमार भए । महेन्द्रका तीन छोरा भए पनि धीरेन्द्रले अधिराजकुमारको पदवी छोडी सामान्य नागरिकले जस्तै जीवन बिताउन थालेपछि वीरेन्द्र राजा र तात्कालीक अवस्थामा ज्ञानेन्द्र अधिराजकुमार भए । पृथ्वीनारायणका जेठा छोरा प्रतापसिंह राज्य सञ्चालनभन्दा पनि साहित्य, साधानातिर आकर्षित थिए । महेन्द्रका जेठा छोरा वीरेन्द्रमा पनि राज्य सञ्चालनमा भन्दा साधुसन्त, धर्मप्रतिको आकर्षण बढी थियो । पृथ्वीनारायण शाहमा राजर्षि, दूरदर्शीलगायतका स्वभाव भए जस्तै कविहृदयका महेन्द्रमा कूटनीतिदेखि अर्थनीति, धर्मनीति, राजनीतिलगायतका क्षेत्रहरूको अद्भूत ज्ञान र दूरदृष्टि रहेको देखिन्छ । यसकारण "म मरे पनि मेरो देश बाँचिरहोस्" भन्ने भावना राजा महेन्द्रमा थियो ।

पृथ्वीनारायणले जस्तै राजा महेन्द्रले सैनिकबाट सीमा सुरक्षा होला भनी अवकाशप्राप्त सेनालाई नेपाल र भारतको सीमानामा बसोबासको व्यवस्था मिलाएका थिए । राजा महेन्द्रले विभिन्न जातजातिबाट मानिसहरूलाई छानेर राज्यका विभिन्न जिम्मेवारी वा महत्त्वपूर्ण स्थानमा राखिदिएर अपनत्वको अनुभूति दिने काम गरे । मनाङ निवासीहरूको आर्थिक अवस्था सुदृढ गर्न राजा महेन्द्रको भूमिका स्तुत्य थियो । पृथ्वीनारायण शाहलाई जस्तै राजा महेन्द्रको पनि साधुसन्तमाथि ठूलो विश्वास थियो । देवघाटका गलेश्वरबाबा, पशुपतिमा बस्ने नङ्गीनीमातालगायतका विचारलाई महेन्द्रले यथोचित स्थान दिन्थे । विभिन्न समयमा मठमन्दिर र साधुसन्तको दर्शनमा पुग्दथे । उनी पनि पृथ्वीनारायणजस्तै रूढीवादी थिएनन् तर परम्परावादी अवश्य थिए ।

पृथ्वीनारायणलाई शिक्षाप्रति असाध्यै मोह थियो । उनले छोरीलाई पढ्ने व्यवस्था गराएका थिए । महेन्द्रले नै त्रिभुवन विश्वविद्यालय र नेपाल संस्कृत विश्वविद्यालयको स्थापनामा ठूलो भूमिका खेलेका थिए । छोराहरूलाई पढ्न पठाएर शिक्षित बनाउनका साथै कूटनीतिक सम्बन्ध सुधार गर्ने प्रयास गरे । पृथ्वीनारायण शाहले जीवनको अन्तिम क्षणमा नुवाकोटभैरवीसँग प्रार्थना गर्दै आफूले आर्जेको मुलुक घुम्ने, एकीकरणको क्रममा लिएको ऋण तिर्ने इच्छा देखाएका थिए रे । उनीपछि राजा महेन्द्रमात्र यस्ता राजा भए जसले नेपालका हरेक जिल्लाको भ्रमण गरे र पृथ्वीनारायणका पालामा लिएको ऋण तिर्ने काम गरे ।

मेरा श्रद्धेय गुरूजीकहाँ आएका राजा महेन्द्रका दौडाहामा सहभागी भएका वृद्ध सैनिकले बताएको घटना अहिले पनि मेरो मानसपटलमा ताजा छ । राजा महेन्द्र देश दौडाहाका क्रममा नुवाकोट, धादिङ, गोरखा पुग्दा केही यस्ता मानिसहरू भेटिए रे जसले पृथ्वीनारायण शाहले आफ्ना पुर्खासँग पैसा, धान, मकै, कोदो आदि सापटी लिएको दाबी गरे रे, कतिसँग त कागजीप्रमाण पनि थियो रे । जसले मौखिकरूपमा दाबी गरे उसलाई पनि समयानुकूल राजा महेन्द्रले भुक्तान गरेका थिए रे । उनका साथमा रहेका केही व्यक्तिले विना प्रमाण दिन नहुने कुरा गर्दा महेन्द्रले भनेका थिए रे "उसका पुर्खाले पृथ्वीनारायणलाई दिएका थिएनन् भने मेराअगाडि आएर भन्ने हिम्मत नै गर्ने थिएन त्यसैले साबिकबमोजिम दिनू ।"

राजा महेन्द्र दौडाहाका क्रममा लमजुङ पुगेपछि त्यहाँ रहेको पुरानो सिंहासनको अवस्था बुझ्न लगाए । काठको सिंहासन रूग्णमात्र होइन आफैँ उभिन सक्ने अवस्थामा पनि थिएन रे । सैनिकहरूले महेन्द्रको मनोभाव बुझेर पुरानो सिंहासनलाई बस्न लायक बनाइदिए । यही घटना गोरखादरबारमा पनि भएको थियो रे । टालटुल गरेर बनाएको पृथ्वीनारायणको सिंहासनमा उनी निकै भावुक भएर बसेको प्रसङ्ग वृद्ध भइसकेका ती सैनिकले मेरा गुरूदेवलाई बताउनुभएको थियो । पृथ्वीनारायण शाहको लमजुङको सिंहासनमा बस्ने रहर महेन्द्रको रूपमा जन्मिएर पुरा गरे भन्ने बयान पनि त्यतिबेला चलेको थियो रे ।

पृथ्वीनारायणपछि नेपालको इतिहासमा हरेक स्थानमा पुग्ने तथा आफ्नै विवेक प्रयोग गरेर काम गर्ने राजा केवल महेन्द्रमात्र हुन् । कति राजालाई भारदारले पिँजडाको सुगा बनाए, कतिलाई राणाले गुप्तवासमा राखे, कतिलाई प्रजातन्त्रको घुम्टो ओढाई दिए । भारतले महेन्द्रको पालामा जुन खेल खेलेको थियो, अहिलेका नेताजस्ता नालायक भए नेपाल त्यतिबेला नै सिक्किम वा काश्मीर जस्तै भइसकेको हुन्थ्यो । नेपाल कमजोर भएको देखेर जवाहरलाल नेहरूले राजा महेन्द्रलाई दुई देशको राजा हुन प्रस्ताव गरेका थिए रे । राजा महेन्द्रले "दुई देशको राजा म हुने हो भने झण्डाचाहिँ नेपालको राख्नुपर्छ ।" भनेपछि नेहरू चूप लागेका थिए रे । यो घटना थाहा पाउने केही पुराना व्यक्ति अहिले पनि छँदैछन् । भारतका तात्कालीक गृहमन्त्री सरदारभाइ पटेलले केही समय सोही पदबाहाल गरेका भए नेपाल के हुन्थ्यो भन्न सकिन्न । जसरी क्रिश्चियनले पृथ्वीनारायणलाई देख्न सक्दैनन् त्यसरी नै पैसामा किनिएका दल र पार्टीले महेन्द्रलाई चिन्न सकेनन् ।

गणतन्त्र आएपछि हाम्रो भाषा, झण्डामा मात्र होइन पृथ्वीनारायण शाह र महेन्द्रमाथि आक्रमण भएको छ । भोलि अप्ठेरो नहोस् भनेर महेन्द्रले नेपालबाट भारतीय मुद्रा, पाठ्यक्रम र सुरक्षाकर्मीलाई हटाएर नेपाली पाठ्यक्रम, मुद्रालाई तराईमा कार्यान्वयन गराए । नेपाललाई संयुक्त राष्ट्रसङ्घको सदस्यता दिलाउनु, देशमा उद्योग कलकारखाना खोल्नु, नयाँ मुलुकी ऐन ल्याउनु, भूमिसुधार गर्नु, सयभन्दा बढी ऐन नियम लागु गर्नु, प्रशासनिक इकाई गठन गर्नु, अञ्चल र जिल्लाको विभाजन, बाटोघाटो र पुल निर्माण, नेपाल भ्रमण गरी जनताको रायसम्मति बुझ्नेलगायतका कार्यहरूले पृथ्वीनारायणको इच्छालाई महेन्द्रले पुरा गर्न स्तुत्य योगदान गरेको प्रष्ट हुन्छ । पृथ्वीनारायणले हिमाल, तराई र पहाडले एकअर्कालाई पराई नसम्झनु, नेपाललाई विदेशीको अखडा नबनाउनु भनेका थिए, जसलाई राजा महेन्द्रले अक्षरशः पालना गरे । पृथ्वीनारायण शाहको जस्तो राष्ट्रिय भावना र क्षमता राजा महेन्द्रबाहेक अहिलेसम्मका कुनै राजा र राजनेतामा देखिएन ।

बेलायतलाई पृथ्वीनारायण शाहले जुन पाठ पढाए, त्यसरी नै नेपाल स्वतन्त्र मुलुक भएको तथ्य राजा महेन्द्रले बेलग्रेड सम्मेलनमार्फत विश्वलाई प्रष्ट बनाए । पृथ्वीनारायण शाहपछि गोरखाजिल्लामा गई गोरखादरबारको पुरातात्विक

एवम् ऐतिहासिक धरोहरलाई संरक्षणको कार्य गर्ने, पृथ्वीनारायणको न्वारन हुँदा प्रज्वलन भएको अग्निको ताप लिने राजा महेन्द्र हुन् । पृथ्वीनारायणले जसरी एकीकरणमा साधुसन्तलाई परिचालन गरी आशीर्वाद लिए, त्यो गुण राजा महेन्द्रमा थियो । राजा महेन्द्र पूर्वपश्चिम राजमार्गको शिलान्यास गर्न गैँडाकोट पुग्दा गलेश्वर बाबाको दर्शन गर्न गएको प्रकरण होस् वा पशुपतिमा बसेकी नाङ्गीमाताको निर्देशनअनुसार वेदविद्याश्रमको स्थापना गर्दा होस् वा रामनाथ अघोरीको आसयअनुसार त्रि. वि. र योगी नरहरिनाथको मार्गनिर्देशनमा संस्कृत विश्वविद्यालय स्थापना गर्दा होस् सबैमा साधुसन्तको प्रभाव थियो ।

पृथ्वीनारायणले ग्रेट मानिएको ब्रिटेन र शक्तिशाली मानिएको गुर्गिनलाई हराए । महाराज हुनका लागि राजाहरूलाई आफ्नो अधीनमा राख्नुपर्छ । पृथ्वीनारायणले बेलायत, गुर्गिनको सेनालाई पराजय गरे, अर्कोतर्फ किरातहरूको किपटलाई आफ्नो काबुमा राखे भने राजा महेन्द्रले बजाङ, मुस्ताङ, सल्यान र जाजरकोट गरी ४ वटा राजालाई राखेर सबै रजौटाहरूको उन्मूलन गरे । ती राजालाई भत्ता दिइयो तर शासन गर्ने अधिकार थिएन । पृथ्वीनारायण शाहले पनि किरातलाई किपट दिएका थिए तर शासनसत्ता आफैँमा नै निहित रहेको थियो । पृथ्वीनारायणले दिव्योपदेशमा पूर्वराजाहरूका स्थिति हेरिसकेको एवं आफूलाई पनि स्थिति बाँध्ने रहर भएको बताएका छन् । महेन्द्रले धेरै कानून र विधानहरू तयार गरेर पृथ्वीनारायणको इच्छा पुरा गरेको बताउँछन् । यसकारण दुनियाँका आँखाले जे देखे पनि दिव्यदृष्टियुक्त सन्तमहात्मा एवम् अनुभवी विद्वज्जनले राजा पृथ्वीनारायण शाहको पुनर्जन्म नै राजा महेन्द्रको रूपमा भएको हो भनी अनुमान गर्दछन् ।

पृथ्वीनारायणका सिद्धान्त, विचार, कार्यपद्धति, स्वभाव र जीवनका अनेक घटना हुबहु महेन्द्रसँग मिल्दछन् । पृथ्वीनारायणलाई नेपाली र नेपालप्रति जति प्रेम थियो, त्यही श्रद्धा र विश्वास महेन्द्रमा देखा परेको थियो । पृथ्वीनारायण शाह ५२ वर्ष पुगेको लगभग ४ दिनपछि मृत्यलाई वरण गरे, राजा महेन्द्र ५२ वर्ष प्रवेश गर्नै लाग्दा धराधामबाट बिदा भए । पृथ्वीनारायणलाई कानूनसम्मत रूपमा राष्ट्र अघि बढोस् भन्ने सदिच्छा थियो । महेन्द्रको पनि केही दिनपछि प्रजातन्त्र दिने योजना अधुरै रह्यो ।

पृथ्वीनारायणले प्राण छोड्दा जेठा छोरा साथमा थिएनन्, महेन्द्रले देह त्याग्दा पनि उही अवस्था थियो । पृथ्वीनारायण शाह स्वर्गवास हुँदा रानी नरेन्द्रलक्ष्मीमात्र जीवित थिइन्, महेन्द्र सरकारको मृत्यु हुँदा पनि रानी रत्नराज्यलक्ष्मीमात्र जीवित थिइन् । पृथ्वीनारायणमा क्षत्रिय स्वभाव सधैँ देखिन्छ । जस्तै उनले मकवानपुरमा आफूलाई अपमान गर्ने हेमकर्णका सैनिकलाई काटिदिए । महेन्द्रले पनि अमेरिका, चीन, युरोप आदिमा भएको यात्राक्रममा नेपालको मानमा तलमाथि हुन दिएनन् । यी विभिन्न तथ्यलाई हेर्दा राजा महेन्द्रलाई बडामहाराज पृथ्वीनारायण शाहको भोगावतार मान्दा फरक नपर्ने नै देखिन्छ ।❖

–खोप्लाङ, गोरखा

वडाबासीहरूमा जरुरी सूचना

बहाल कर, सम्पत्ति कर, व्यवसाय कर यही पौष मसान्तसम्ममा भुक्तानि गरेमा १० प्रतिशत छुट भएको हुँदा यथाशीघ्र भुक्तानी गरी लाभ लिनुहुन सम्पूर्ण वडावासीहरूलाई अनुरोध गर्दछौं ।

कामपा वडा नं. १७ कार्यालय

धोबिचौर, काठमाडौं

युग निर्माण सत्सङ्कल्प

अठार पुराण तथा अठार अध्याय गीताले मर्यादित र व्यवस्थित व्यक्ति, परिवार तथा समाज निर्माणका लागि दिएका निर्देशहरूको मन्थनबाट सान्दर्भिक अठार सूत्र छनोट गरी युगऋषि पं. श्रीराम शर्मा आचार्यले दिनुभएको मानवीय संविधान बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ–

- ईश्वरलाई सर्वव्यापी, न्यायकारी मानेर उसको अनुशासनलाई जीवनमा उतार्नु ।
- शरीरलाई आत्माको बासस्थान मानी नियमितता र संयमबाट आरोग्यको रक्षा गर्नु ।
- मनको कुविचार हटाई सद्विचारको स्थापनाका लागि असल साहित्यको स्वाध्याय एवम् असल सन्तसँग सङ्गत गर्नु ।
- इन्द्रिय संयम, विचार संयम, अर्थ संयम र समय संयमलाई सधैँ अभ्यास गर्नु ।
- आफूलाई समाजको अभिन्न अङ्ग मान्नु, समाजको हितमा आफ्नो हित सम्झनु, नागरिक कर्तव्यको पालन गर्नु, समाजमा कर्तव्यनिष्ठ भएर रहनु ।
- समझदारी, इमानदारी जिम्मेवारी र बहादुरीलाई जीवनको अङ्ग बनाउनु ।
- अरूसँग त्यो व्यवहार नगर्नु जुन आफूलाई मन पर्दैन ।
- नर र नारी एक–अर्काका पूरक हुन् भनी एक–आपसमा पवित्र दृष्टि राख्नु ।
- आफ्नो चौतर्फि स्वच्छता, सादगी, सज्जनता एवम् मधुरताको वातावरण सिर्जना गराउनु ।
- परम्पराका विषयमा आवश्यक परम्पराको संरक्षण सम्बर्धन गर्नु र अनावश्यक रूढिवादी अन्धविश्वासलाई विवेकपूर्वक समाजबाट हटाउनु ।
- राष्ट्रिय एकता र समताप्रति निष्ठावान् हुनु, जाति, लिङ्ग, भाषा, प्रान्त, धर्म, सम्प्रदाय आदिका कारणबाट परस्परमा कुनै मतभेद नगर्नु ।
- सज्जनको सङ्गठन गर्नु, अनीतिविरूद्ध लड्नु, नवसिर्जनको हरेक गतिविधिमा पूरा रूचि लिनु ।
- मानिस आफ्नो भाग्यको निर्माता आफैँ हो, यो शाश्वत सत्यलाई आत्मसात गर्नु ।
- आफू निष्ठावान् बन्नु, अरूलाई बनाउन आफूसँग भएको समय, ज्ञान, प्रतिभा, पुरूषार्थ तथा धनको पनि केही अंश समाज कल्याणका लागि लगानी गर्नु ।
- हामी बदलिए समाज बदलिन्छ, हामी सप्रिए समाज सुधिन्छ भन्ने सत्यलाई आत्मसात गर्नु ।
- मनुष्यको सफलताको आधार उसको सफलता, योग्यता तथा विभूतिको आधारबाट नभई उसको सद्विचार र सद्कर्मबाट हुन्छ भन्ने मान्नु ।

चेहरा चाहे अत्यन्त सुन्दर किन नहोस्,

यदि बोली तीतो छ भने समाजले मुख अर्कापट्टि फर्काउँछ ।

देवपत्तन (ग्वःल) शहरका पौराणिक प्रशासनिक प्रमुख अंग

श्रीजयबागेश्वरी भण्डार तहविल कार्यालय



–शङ्करमान भण्डारी

श्रीजयवागेश्वरी भण्डार तहविल कार्यालयले जयवागेश्वरी माताको मन्दिरमा पूजारी कर्माचार्यद्वारा दैनिक नित्य पूजा, पर्व पूजा गराउने कार्य गर्दैआएको छ । त्यस्तै, वार्षिक रूपमा आउने पवित्रारोहण पूजा, होम होमादी पूजा, जयवागेश्वरी (क्वाको) टोलमा आषाढ महिनामा हुने त्रिशूल जात्रा सञ्चालन गर्ने व्यवस्था गर्दछ। यसैगरी, हरेक बाह्र बर्षमा एक पटक माता जयवागेश्वरीको मन्दिर भित्र, मूल मूर्ति जयवागेश्वरी माता र उहाँसँग दायाँ बायाँ रहनु भएका प्रथम गणेश (सूँढ नभएको), नीर भैरव देवताको मूर्तिको कलेवर (काँचुली) फेर्ने गरिन्छ ।

कलेवर फेर्दा पौराणिक ढाँचामा मूर्ति सिंगारी क्षमा पूजा गर्ने र मूर्ति जस्तै मन्दिरको भित्र बाहिर ढोका, तोरण मन्दिर बाहिरका देवीका बाहन, सत्तल, मन्दिरको उत्तर दिक्षाको भित्तामा उल्लेखित काठमाडौं उपत्यका भित्रका ८ वटा पौराणिक मूल चितासाथै ती चिता छेऊबाट बगेका मूल नदीहरू, नदीका छेऊ छेऊमा अवस्थित विभिन्न शक्तिपीठ, देवीहरूको मन्दिर र आकृति चित्रहरू र ती मन्दिरमा तन्त्र विद्याबाट रात्रिकालीन गोप्य पूजा गर्न जाने मानव भक्तजनको आकृति चित्र र बीच भागमा चुनिखेल भैरवको ठूलो आकृतिको भैरव मूर्ति समेत अंकित चित्रलाई परम्परागत संस्कार अनुसार पर्दा हाली गोप्य रूपमा बेला बेलामा विविध विधिमा पूजा गरिन्छ । यो पूजाका लागि साइत अनुसार समय मिलाएर करिव १ वर्ष समय लगाएर विधिपूर्वक कर्माचार्य पुजारीहरू, कार्यालयका पचली नाइके वैद्यले विशेष समयको काम सकाएर पूजा सम्पन्न गराइ समापनको होमादी पूजा गरी ती मूर्तिहरू आकृति चित्रहरूको प्राण प्रतिष्ठापन गरी मूल कार्यालयबाट सम्पन्न गराई काम गर्ने कामदार, सम्पूर्ण पुजारीहरू, वैद्य खलक अन्य कार्यालयका कर्मचारीहरू, टोलवासी गन्यमान्यजनलाई प्रसादको रूपमा भोज खुवाउनु पर्दछ ।

दैनिक पूजा, अन्य पूजाको खर्च, कर्मचारीहरूको पारिश्रमिक लगायतका सम्पूर्ण खर्चको व्यवस्थापन गर्न आय व्यवस्थाको स्रोतको रूपमा महाजन, साहु र राजाहरूबाट गुठीको नाममा राखिदिएको जग्गा जमिनबाट वर्ष वर्षमा तोके बमोजिम अव्वल, दोयम, सिम र चाहार अनुसार कुत बुझाएको कुत बुझिने व्यवस्था गरी त्यसको भर्पाई गरिदिने र पशुपति भण्डार तहविल र अमालकोट भण्डार तहविल कार्यालयले जस्तै मोहियानी लालपूर्जा बनाई दिने गरिन्छ । आवश्यक पर्दा मोहीहरूको नामसारी नक्शा पास स्वीकृति, खरिद विक्री गर्न र कुनै बैंकमा घर जमिन धितो राख्न पर्दा मञ्जुरी लिन स्वीकृति पत्र दिने, विकास निर्माणको योजनामा पर्दा अधिग्रहणमा परेको जमिनको हकमा तहसिङ्ग भाग २ भाग कटाई मोही भाग १ भाग छुट्याएर दिने जस्ता आन्तरिक कार्य गर्न त्यसको लगत राख्नका लागि आवश्यक कार्य गरिन्छ । ती कार्यका लागि कार्यालयको नियम अनुसार मोहीबाट कर दस्तुर असुली आम्दानीमा जनाइन्छ । यसरी यी तीन कार्यालयले मोहियानी लालपुर्जामा आ–आफ्नो कार्यालयको छुट्टाछुट्टै नाममा जग्गा धनी लालपुर्जा मालपोतबाट झिकाइ मोहिको हकमा कार्यालयका हाकिमहरू विसेट नाइके, द्वारे र पचली नाइके वैद्यको हस्ताक्षर गरी आधिकारिक कार्यालयको छाप लगाइ प्रमाणित गरिन्छ ।

यी कार्यालय मातहतका जग्गाहरू नेपाल सरकारको सम्बन्धित निकाय मालपोत कार्यालयमा कुनै किसिमले अक्षय कोषको रूपमा रकम जम्मा गरी जग्गा रैतानी गर्न पाइँदैन । पहिला नै नेपाल सरकारबाट विशेष कानून बनाई

बन्देज गरिएको छ । यहाँको धर्म संस्कृति, परम्परालाई निरन्तरता दिन यस्तो व्यवस्था गरिएको हो । त्यहाँको जग्गा भुलवस मालपोत कार्यालयमा दर्ता हुन गएमा यी कार्यालयबाट फिर्ता मागी आएमा सम्भव भएसम्म धार्मिक क्षेत्रलाई फिर्ता गर्ने गरिन्छ ।

नेपालमा सती प्रथा कायमै रहँदा सती जाने नारीहरूले आफ्नो सौभाग्यको गरगहना, लत्ताकपडा, आफ्ना श्रीसम्पत्ति सबै जयवागेश्वरी मन्दिरमा चढाउँदथे । मन्दिरमा चढाइसकेपछि त्यहाँबाट सिधा भुवनेश्वरी चोक, झम्केश्वरी चोक, पञ्चदेवल बाटो भइ बच्छलेश्वरी मन्दिरबाट दक्षिणतर्फ वाग्मती किनारमा सती घाटमा आफ्नो पतिको लाशसँगै अग्निमा होमिएर प्राण त्याग्दथे । सतिप्रथा रहुन्जेल हालको पशुपति मन्दिरको आम्दानीभन्दा जयवागेश्वरी माताको आम्दानी बढी देखिन्थ्यो । तत्कालीन समयमा नेपाल र तिब्बत बीच युद्ध हुँदा मन्दिरले आफ्नो आम्दानीमार्फत नेपाली सैनिकका‌लागि आवश्यक खर्च नेपाल सरकारलाई समेत उपलब्ध गराइएको ऐतिहासिक तथ्य छ ।

यस कार्यालयमा पचली वैद्य परिवारका १ जना कार्यालय प्रमुखको पदमा रहनुभएको छ भने उहाँसँगै उहाँको धर्मपत्नी १ जना मुली (नकों) रूपमा रहनुभएको छ । प्रमुख र नकोंलाई कार्यालयमा प्रवेश गराउनुअघि भगवान् श्रीपशुपतिनाथका मूल पुजारीले उँहरूको घरमा गई वा कार्यालयको एउटा छुट्टै कोठामा राखी चार दिनसम्म गोप्य परम्परा विधि अनुसार मन्त्र, न्यास जप तथा दीक्षा दिइन्छ । चार दिनपछि कोठाबाट निकाली विधिवत्‌रूपमा देवदेवीको पूजा होम गराई पूर्णाहुति गरेपछि वा पहिले उक्त दिक्षा लिइसेको भए सिधा मूल नाईके, नाइकेनीमा नियुक्ति गरी कार्यभार समाल्न दिइन्छ ।

जयवागेश्वरी मन्दिरमा विशेष पूजा हुँदा पूजामा नाइके सहभागी हुने चलन छ । त्यस्तै महिना/महिनामा कर्माचार्य पुजारीहरूको पूजा गर्ने पालो फेर्दा सबै क्षेत्रका प्रतिनिधिहरू साक्षी राखी मन्दिरका देवी गणलाई पहिऱ्याउने गरगहना, पूजामा प्रयोग गरिने चलनचल्तीका भाँडावर्तन बुझबुझारथ गर्ने र त्यसको लगत राखी तमसुक तयार गर्ने तथा मुचुल्का तयार गर्ने कार्य गरिन्छ । उक्त मन्दिरसँग सम्बन्धित जग्गा जमिनको लगत श्रेस्ता तयार गराई जग्गाका मोहीहरूलाई बार्षिक तोकेको दर अनुसार कुत बुझाउन दिई डमरू त्रिशूल छापको मोहियानी (जोता)को लालपूर्जा तयार गरी वितरण गरिन्छ । त्यसको आम्दानीबाट

नै समग्र कार्यालयको प्रशासनिक खर्च तथा अन्य पर्वपूजा सञ्चालन हुन्छ ।

नाइकेबाट सम्पूर्ण प्रशासनिक कार्यको जिम्मा लिइन्छ । नको बैद्यले दैनिक नित्य पूजा, पर्वपूजा, विशेष पर्व पूजा, जात्रा, मेलाको समयमा विभिन्न प्रकारले पूजा राख्ने र पूजामा बसी सहयोग गरिदिने लगायतका कार्य गरिन्छ । कार्यालय सहायकको रूपमा एक जना वैदार राज जोशी थरका कर्मचारीको व्यवस्था गरिएको हुन्छ । पर्व पर्वमा विधिपूर्वक लामो पूजा गर्दा र मन्दिरमा कर्माचार्यहरूको पालो फेर्दा ९ जना पचली वैद्य खलक नाइके वैद्यको मातहतमा रही देवीको धार्मिक काममा सरिक हुनुपर्दछ । कार्यालय सहयोगीमा एक जना संगत र महर्जन कर्मचारी रहन्छन् भने देवीको पूजा गर्न पशुपतिनाथको मन्दिरमा जस्तै मूल पूजारी १ र सहायक पुजारीहरू ३ जना गरी चार जना कर्माचार्य पुजारीहरू रहन्छन् ।

पुजारीहरूले कर्मचारीको रूपमा रही वर्षभरि आलोपालो गरी एक एक महिना मन्दिरमा बस्ने गर्नुहुन्छ र पालो नपर्ने पुजारीहरूले मन्दिर बाहिरको पर्व पूजा, गुठी पूजा गर्नुहुन्छ । नित्य पूजा गर्दा देवीको गणको रूपमा देवीको पूजा गर्नुभन्दा अगाडि ताम्रेश्वर महादेव, गोलढुङ्गा गणेश वरिपरिका देवदेवीहरू, मृत्युञ्जय महादेव, सुन्धारा छेउको धन्मन्तरी र त्यहाँ वरिपरिका देवदेवी गणहरू, जयवागेश्वरी चोक छेऊको अशोक विनायक, जयवागेश्वरी मन्दिर वरपरका देव देवी, श्रीगणेश, भैरव, कुमारीगण, टुप्पे गाम्चा भैरव आकृति आसन स्थान गण र त्यहाँ प्राङ्गणमा स्थित क्षेत्रपाल गणको पूजा गर्नुपर्छ । त्यहाँ पूजा सकेपछि माता जय वागेश्वरी, सूँढ नभएका श्रीगणेश (प्रथम गणेश), निर भैरवको नित्य पूजा गरिन्छ अनि मात्र अमालकोट कार्यालय भित्रको तलेजु भवानी र कार्यालय दक्षिण दिशामा रहेको खञ्जानेश्वर महादेवको पूजा गरी नित्य पूजा सकिन्छ । त्यस्तै दैनिक सन्ध्याकालिन नित्य आरति पूजा पनि कर्मचार्य पुजारीहरूबाटै गरिन्छ ।

राजा, महाराजा, साहु महाजन र भक्तजनहरूबाट धर्मको नाममा राखिएको जग्गा जमिनबाट तलासिङ्ग भागको रूपमा आएको आयस्ता जम्मा गरी यहाँको वार्षिक धार्मिक कृयाकलाप सञ्चालन हुँदैआएका छन् । हालसम्म नेपालका कुनै पनि शासक या सरकारसँग दैनिक, नित्य वा पर्व पूजाकै निम्ति भनी कुनै आयस्रोत लिइएको छैन । स्वतन्त्र रूपमा आफ्नै वाहुवलमा सञ्चालित यी पौराणिक प्रशासनिक निकायहरू हुन् ।❖ –पशुपति, काठमाडौं

पूर्वाधार विकास कार्यालय, ललितपुरको अनुरोध

- सडक हामी सबैको साझा सम्पत्ति हो । यसको संरक्षण गर्नु हाम्रो दायित्व हो ।
- सडक सीमा अतिक्रमण गरी घर, टहरा निमार्ण नगरौं ।
- सडक तथा सडक पेटीमा निर्माण सामग्री राखी यातायात तथा पैदल यात्रीलाई अवरोध नगरौँ ।
- सडक क्षमताभन्दा बढी भार प्रयोग नगरौँ ।
- सडकमा गाडी धुने, सडकको नाली पुरी फोहोर गर्ने, सडक नालीमा ढल मिसाउने जस्ता कार्य नगरौं ।
- सडकमा जम्मा भएको पानी कुनै किसिमबाट निकास गरौँ ।
- निर्माण भएका सडक संरचना, पुल नाली, फुटपाथको संरक्षण गरौँ ।

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यालय
मानभवन, ललितपुर

गाईपालक र गाईप्रेमी धन्य हुनेछन्

– लिखिराम थारू

स्थानीय गाई (गौवंश)को दुध, दही, मही, गहुँत, गोबर आदिले अनेक प्रकारको बिमारीबाट रक्षा हुन्छ र गौचिकित्साको प्रयोगले विभिन्न रोग कम गर्न सकिन्छ। पञ्चगव्यको उपयोगले जटिल रोग समेत निर्मूल गर्न सकिन्छ। गौचिकित्सा, आयुर्वेद, प्राकृतिक चिकित्सा जस्ता परम्परागत चिकित्सा पद्धतिलाई सम्बर्द्धन एवम् बढावा दिन सके विदेशी औषधिको लागि बाहिरिने खर्च तथा यस्ता आधुनिक उपचारले निम्तने दुष्प्रभाव (साइड इफेक्ट्स) बचाउन सकिन्छ। जस्तै, केमिकलद्वारा बनेको फिनायल वा यसको दुर्गन्धले वायुमान दूषित हुने हुँदा गाईको गहुँतद्वारा निर्मित गोनायलले सात्विकता तथा सुवास बढ्छ।

स्थानीय गाईको गोबरले बनेको गुइठा बाल्दा निस्कने धुवाँले हानिकारक कीटाणु नष्ट हुन्छ। पहिलेको समयमा शवको साथ साथ श्मशानसम्मको यात्रामा माटोको भाँडामा गोबरको गुइठा बाली लिएर जाने चलन (प्रथा) थियो। यसो गर्नाले शवबाट निस्कने हानिकारक किटाणुबाट समाजलाई सुरक्षित राख्न सकिन्थ्यो।

गोपदार्थको निर्माण र तिनको बिक्रीवितरणबाट आयआर्जन समेत गर्न सकिन्छ। गोमूत्र अर्क तथा गोनायल प्रतिलिटर दश रूपैयाँसम्म बेच्न सकिन्छ। एउटा गाईले २४ घण्टामा ७ लिटर गोमूत्र दिन्छ। यसबाट दैनिक ७० रूपैयाँसम्म कमाइ हुन्छ। यिनका मुत्रबाटै यिनको खर्च आरामले चल्न सक्छ।

आफ्नो खेतमा गाई रहनाले बहुलाभ मिल्दछ। खेत, खल्यानमा गोबर, गहुँतको उपयोग गर्न सके अन्न, फलफूल, तरकारीलाई असाध्यै फाइदा गर्दछ। गौशालाको भूमिमा उमारेको अन्न स्वास्थ्यको लागि अत्यन्त लाभदायक हुन्छ। खासगरी यस्तो अन्नमा भिटामिन "बी-१२" पाइन्छ। भिटामिन बी-१२ले शरीरमा डी. एन. ए. (DNA) एवम् रक्तकोषिका (RBC) लाई सुव्यवस्थित गर्न तथा तांत्रिका तंत्रा (nervous system)मा परिचालन गर्न भूमिका खेल्दछ। गौको सेवाका लागि तीनै तहको सरकार सञ्चालन गर्ने शासक एवम् अधिकारीहरूमा सकारात्मक सोच आउन जरूरी छ। यसले मुलुक समृद्ध बन्न निकै टेवा मिल्ने थियो।

"उत्पादनमा वृद्धि, किसानको समृद्धि।
स्वास्थ, खुशी एवम् धार्मिकता, गाईमा अधारित अर्थतन्त्र आजको आवश्यकता॥" ❖

–बसाहा बर्डा गौसेवा आश्रम, बर्दिया

आठ वर्षपछिको तिहारको उत्साह

– कमला श्रेष्ठ

परिवारसँगै रहँदा मात्र पर्व रमाइलो हुने रहेछ । रमाउन, दुःखसुख साट्नका लागि परिवार नै पहिले आउने भएकाले पनि चाडपर्वमा परिवारका सबै सदस्य सँगै हुन पाइयोस् जस्तो लाग्दो रहेछ । परिवारसँग रहेर पर्व मनाउँदाको खुशी मैले आठ वर्षपछि गत २०७९ सालको तिहारमा अनुभव गरें ।

वि. सं. २०७६ सालमा क्यानडा गएको म तीन वर्ष त्यहाँ बसेर वि.सं. २०७९ असार अन्तिमतिर नेपाल फर्किएँ । नेपालमा आफ्नो घर नेपालगञ्ज फर्कने क्रममा मसँग क्यानडाबाट मेरी कान्छी बुहारी राजश्री र दुई साना नाती श्रेय र श्रेयस सँगै आए । छोरालाई भने तत्काल अफिसको कामले गर्दा विदा नमिलेकाले ऊ दुई महिना पछि मात्र आउँदैथियो ।

यात्राका क्रममा हामी क्यानडाको थन्डरवेबाट प्लेनमा टोरन्टो हुँदै विभिन्न स्थानमा ट्रान्जिट पार गर्दै कतार आइपुग्यौं । कतारमा हाम्रो नौ घण्टाको ट्रान्जिट भएको र त्यहाँबाट नेपालको लागि विहान सात बजेको मात्र फ्लाइट भएकाले हामीले रातभरिनै बस्नुपर्ने थियो । रातको समयमा पनि त्यहाँ दिनमा जस्तै उज्यालो र मानिसको पनि त्यत्तिकै चहलपहल देखिन्थ्यो । विभिन्न प्रकारका पसल सजाएर राखिएका देखिन्थे । कतारमा नेपाली दाजुभाइ दिदीबहिनी पनि निकै भेटिए । तिनै मध्येकी एक जना नेपाली बहिनीले हाम्रो कागजपत्र मिलाउनु पर्ने स्थान देखाइदिएर मद्दत गर्नुभयो । आफ्नो देशका दिदीबहिनीलाई त्यहाँ देख्दा हामीलाई धेरै खुशी लागेको थियो । विभिन्न स्थान घुम्दै र दृष्यावलोकन गर्दै हामीले रात बितायौं । हामीले कहिले लिफ्टबाट तलमाथी गऱ्यौं त कहिले अटोमेटिक बसमा ओहोरदोहोर गर्दै रमायौं ।

यात्राका क्रममा टिकट सम्बन्धी विभिन्न औपचारिकता पुरा गर्नुपर्ने तर मलाई त्यस सम्बन्धी उत्तिसारो ज्ञान नभएको, बुहारीको पनि पहिलो यात्रा भएको र अन्य दुई नाति साना भएकाले मलाई भित्रैदेखि डर लागिरहेको थियो । टिकट कन्फर्म गर्नुपर्ने स्थान फेला पार्न नै मुस्किल हुने रहेछ ! त्यो प्लेटफर्मको भुलभुलैयामा बुहारीले सुझबुझपूर्ण प्रकारले धेरै ठाउँमा सोधपुछ गरी आवश्यक स्थान पत्ता लगाउन सफल भइन् । बुहारीको त्यो हिम्मत देखेर उनीप्रति गौरव लाग्नुका साथै मेरो मनले धेरै स्यावासी दिइरहेको थियो ।

भोलिपल्ट निर्धारित समयमा हामी कतारबाट नेपालको लागि प्लेन चढ्यौं । प्लेन सुविधासम्पन्न थियो । क्यानडा जाने क्रममा जस्तो मानिसको खचाखच पनि थिएन । प्रायःजसो सिट खाली थियो । विहानको ११ बजे हामी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गऱ्यौं । प्लेनबाट ओर्लिएपछि यहाँ पनि केही औपचारिकता पूरा गर्नु पर्ने रहेछ । एक जना भाइले हाम्रो सामान जाँचबुझ गराउनेदेखि बाहिरसम्म ल्याइदिन मद्दत गर्नुभयो । हामी बाहिर आउँदा हामीलाई लिन हाम्री सानी छोरी आइसकेकी रहिछन् । उनलाई देखेर साह्रै खुशी लाग्यो । हामी सबै खुशीका साथ घरमा आयौं ।

राजश्री (बुहारी)की आमा पनि उता गैडाकोटबाट त्यही दिन काठमाडौं आउनुभएको थियो । उहाँले भोलिपल्ट पशुपतिनाथमा लाख बत्ती बाल्ने कार्यक्रम राख्नु भएको थियो । बेलुकी भेटघाट र रमाइला कुराकानी गर्दै बितायौं । भोलिपल्ट सबैजना लाखबत्ती बाल्न पशुपतिनाथतर्फ गयौं । त्यहाँ पुगेर पूजा गर्दा र लाखबत्ती बाल्दा मन साह्रै आनन्दित एवम् प्रफुल्लित भयो । पहिलोपल्ट नेपाल आएका मेरा नातिहरू पनि निकै रमाए । त्यहाँको सम्पूर्ण पूजा सकेर हामी अपरान्ह ५ बजेतिर घर फर्कियौं । १५ दिनको बसाइ

पछि बुहारी बच्चाहरू लिएर आमाको साथ गैडाकोट गइन् । म भने त्यसपछि पनि १० दिन छोरीसँगै काठमाडौंमा बसेर मात्र घरमा आएँ ।

यता नेपालगञ्ज घरमा ठूलो छोरा, बुहारी र नातिनी छन् । मेरा २ छोरी, २ छोरा, ३/३ नाति र नातिनी छन् भने २ पनाति र पनातिनी छन् । यता घरमा आएको केही दिनपछि कान्छी बुहारी पनि बच्चाहरू लिएर आमाको साथ आइन् । उनी अनि बच्चाहरू आएपछि घरमा धेरै रमाइलो भयो । मेरो मन खुशीले गद्गद् भयो ।

घरमा रहँदा दिनहरू खुशीका साथ बित्दै थिए । यस्तैमा दशैं नजिकिंदै आयो । सबै जना भएर पनि सानो छोरा आउन नपाएकोले भित्र मनमा पिर लागिरहेको थियो । फोनमा कुराकानी चाहिँ भइनै रहन्थ्यो । कान्छो छोरा दशैंमा आउन नपाए पनि तिहारमा आउने कुरा भयो । हामी दशैंको तयारीमा जुट्यौं । नवदुर्गा माताले

सबैको रक्षा गरून् भन्ने कामना गर्दै आफूले जानेअनुसार नौ दिन पूजा अर्चना गरी दशौं दिन देवीको प्रसादस्वरूप छोराछोरी, बुहारी, ज्वाइ, नातिनातिना सबै जनालाई टीका जमरा लगाइदिएँ । अरू सबैले पनि मर्यादाक्रमानुसार एक आपसमा टीका जमरा लगाए ।

दशैंको समापन पछि हामी तिहारको प्रतिक्षामा थियौं । 'यसपालीको तिहारमा सानो भाइ पनि आउँछ, ठूलो भाइ, सानो भाइ हामी सबै जना जम्मा भइ म्ह पूजा गर्ने हो ममी' सानी छोरी भनिरहन्थी । टीकाको सात दिन अगाडि कान्छो छोरो आइपुग्यो । हाम्रो प्रतिक्षाको घडी समाप्त भयो, हामी धेरै खुशी भयौं । समय बितेको पत्तै भएन ।

एक दिन, दुई दिन हुँदै म्ह पूजाको दिन आइपुग्यो । छोरीले सबै व्यवस्था गरी पूजाको सामान माला, विमिरा, लावा बत्ती, सकुण्डामा पूजाका सामान राखिन् र सबैले टीका लगाइ आ-आफ्नो पूजा गऱ्यौं । यसरी सबैजना बसेर पूजा गर्दा साह्रै रमाइलो भयो । भोलिपल्ट भाइटीका थियो । सो दिन विहानै दुबै दिदी, नातिनीहरू आफ्नो भाइलाई टीका लगाउन आए । विहान ११ बजे टीकाको साइत थियो । छोरीले टीका लगाउन बस्ने ठाउँमा लिपपोत गरी शुद्ध बनाइसकेकी थिइन् । आवश्यक सामग्री तयारी भैसकेको थियो । चकटी गलैचा विछ्याइ निर्धारित समयमा टीका लगाउने प्रतिक्षामा थियौं । छोरीले कान्छो भाइलाई आठ बर्ष पछि टीका लगाउँदै थिइन् । ठीक ११ बजे दीप प्रज्वलन गरी छोरी र नातिनीले आफ्ना दाजुभाइलाई टीका लगाइदिंदा यति आनन्द र हर्ष लाग्यो कि भगवान् नै अगाडि आएर बसे जस्तो भयो । सबै बसेर टीका लगाएको स्थान देदिप्यमान देखियो । सबै हर्षले गद्गद् भए । भगवान्सँग मेरो पुकार छ कि सदा भगवान्ले मेरो छोराछोरी र अन्य सबैका सन्तानलाई यस्तै सुखी र खुशी राखून् !

हिजोआज हाम्रा धेरै दाजुभाइ दिदीबहिनी विदेशिएका छन् । कतिको रहर होला त कतिको बाध्यता । मेरो कान्छो छोरा अवसरकै खोजिमा क्यानडा पुग्यो । छोराको माध्यमले मैले पनि क्यानडाको भ्रमण गर्ने अवसर प्राप्त गरें । त्यहाँको समाज, त्यहाँको भौतिक विकास र त्यहाँका मानिसको व्यस्तता केही हदसम्म अवलोकन गर्ने अवसर प्राप्त गरें । विदेशी भूमिमा कठोर मेहनतले राम्रै आर्थिक उपार्जन गर्न सकिने रहेछ । आर्थिक सम्पन्नताले भौतिक सुख पनि पर्याप्त उपभोग गर्न सकिने रहेछ । तर जतिसुकै आर्थिक लगानी गरेपनि आनन्द खरिद गर्न सकिने रहेनछ । परिवारको साथ आफ्नो परम्परा र संस्कृतिका पर्व मनाउँदा पाइने आनन्द रूपैयाँले प्राप्त हुने भौतिक सुखभन्दा धेरै बढी हुने रहेछ, जुन मैले गत वर्ष परिवारको साथ तिहार मनाउँदा महसुस गरें ।❖

–नेपालगञ्ज, बाँके

गतिविधि

श्री पशुपति हिन्दु विश्वविद्यालय स्थापना गरिने

श्रीपशुपति हिन्दु विश्वविद्यालय स्थापना गरिने भएको छ । धर्म तथा संस्कृतिसम्बद्ध विषयहरूको खोज तथा अन्वेषण गर्ने उद्देश्यसहित पशुपति क्षेत्र विकास कोषमार्फत विश्वविद्यालय स्थापना गर्नलागिएको हो । विश्वविद्यालय स्थापनाका लागि विद्वान्सँग सुझाव लिन विकास कोषमार्फत गत मङ्सिर २८ गते आयोजना गरिएको कार्यक्रममा श्रीपशुपति हिन्दु विश्वविद्यालय स्थापना तयारी समितिका संयोजक डा. जगमान गुरूङले नेपाल सरकारको अनुदान नलिई धर्मभकारी थापेर भगवान् भोलेनाथले वर्षाउनुहुने स्रोतले नै विश्वविद्यालय स्थापना गर्न लागिएको जानकारी दिनुभयो । कोषले गठन गरेको समितिले शिवसङ्कल्पका आधारमा विश्वविद्यालय स्थापना हुने गरी तयारी गरिएको जानकारी गराइएको हो ।

पशुपति र हिन्दु दुई शब्दले विश्वमा नेपालको आकर्षण बढाउने, विश्वका हिन्दु नेपाल आउने वातावरण बन्ने र यसले नेपालको शिर उच्च बनाउने साथै गोठाटारमा रहेको कोषको जग्गाको ईशान कोणमा विश्वविद्यालय बनाउने गरी अध्ययन भएको उहाँले बताउनुभयो ।

समितिका सदस्य एवम् नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका पूर्व अध्यक्ष धर्मशास्त्रविद् प्रा.डा. रामचन्द्र गौतमले नेपालका संस्कृतिपरक दर्शनको अध्ययन अनुसन्धान गर्ने गरी विश्वविद्यालय स्थापना हुने बताउनुभयो । मानवमात्रको विश्वविद्यालय बनाउनेगरी कानूनको मस्यौदा भइरहेको उहाँले जानकारी दिनुभयो । विश्वविद्यालयलाई राजनीतिक छायाका रूपमा नभई स्वतन्त्र प्राज्ञिक संस्थाका रूपमा स्थापित गर्ने समितिले गृहकार्य गरेको पनि उहाँले बताउनु भयो ।

यस्तै पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव राजुकुमार खत्रीले पशुपतिका नाममा स्थापना हुने विश्वविद्यालयलाई गोठाटारमा रहेको जग्गा उपलब्ध गराउने व्यवस्था प्रस्तावित गुरूयोजनामा रहेको जानकारी गराउनुभयो । सांस्कृतिक अध्ययन अनुसन्धानको नमूनास्थलका रूपमा विश्वविद्यालयलाई अघि बढाइने उहाँको प्रतिबद्धता थियो । कोषका कोषाध्यक्ष नारायणप्रसाद सुवेदीले पछिल्लो समय पशुपतिनाथलाई सहयोग गर्ने भन्दा माग्नेको संख्या बढिरहेको तीतो यथार्थ बताउनुहुँदै विश्वविद्यालयका लागि छुट्टै सहयोग जुटाउन काम गरिने जानकारी गराउनुभयो । ८२ प्रतिशत हिन्दु रहेको देशमा पशुपति हिन्दु विश्वविद्यालय स्थापना गर्दा देशको गौरव बढ्ने उहाँको भनाइ थियो ।

कोषका कार्यकारी निर्देशक एवम् विश्व विद्यालय स्थापना अध्ययन समितिका सदस्यसचिव डा. घनश्याम खतिवडाले विश्वविद्यालयले कसैलाई सम्बन्धन नदिने गरी यसको स्वरूप निर्धारण गर्न लागिएको जानकारी गराउनुभयो । कोषले गठन गरेको कार्यदलले सम्भाव्यता अध्ययन गरी प्रतिवेदन बुझाएपछि विश्वविद्यालय स्थापनाका लागि समिति गठन गरिएको उहाँले बताउनुभयो । साथै उक्त गोष्ठीमा विद्वान्हरूले प्रस्तुत गर्नुभएको राय सुझावलाई समेत समावेश गरी प्रतिवेदन बुझाइने प्रतिवद्धता जनाउनु भएको थियो ।

कार्यदलले बुझाएको प्रतिवेदन संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयले अध्ययन गरी अहिले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पठाएको जानकारी पनि कार्यकारी निर्देशक खतिवडाले गराउनुभयो ।

शिक्षा मन्त्रालयले प्रतिवेदन स्वीकृत गरेपछि विश्वविद्यालय स्थापनाको प्रक्रिया अघि बढ्ने कार्यक्रममा जानकारी गराइएको थियो । सो विचार गोष्ठीमा दुई दर्जनभन्दा बढी विद्वान् विदूषिहरूले आफ्नो राय व्यक्त गर्नुभएको थियो ।❖

जाडोबाट बच्न निम्न उपायहरु अबलम्बन गरौं !

- तातो, झोलिलो पदार्थ प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मालिस गरौं,
- शारीरिक व्यायाम गरौं,
- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा चिकित्सक वा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन वोर्ड

अब गौरी मासिक इ-पत्रिकामा संसार भरि पनि पढ्न सकिन्छ ।

गौरी अब ईन्टरनेको माध्यमबाट पनि पढ्न सकिन्छ।
www.ushaeduhouse.com
मा गएर नि:शुल्क, सशुल्क डोनेशनमा पढ्न सकिने जानकारी गराउँदछौं।

देश तथा विदेशमा रहनु भएका पाठक वर्गले सिधै सर्वसुलभ रूपमा पढ्न सक्नुहुनेछ।

गौरी मासिक पत्रिकाको निरन्तरताको निम्ति अक्षय कोष निर्माणको लागि यहाँको सानो सहयोग हाम्रो लागि अमूल्य रहनेछ । सहयोगको निम्ति-

eSewa
GAURI PUBLICATION
9851053601

अरुणसिंह पण्डालवाला
प्रोपाइटर

ॐ

अरुणसिंह पण्डालवाला
गौरीघाट काठमाडौं, मोबाइलः ९८५१२५४२२४,९८४१७४२०९६, ९८४१७८४५०५

सेवाहरु:
वाटरप्रुफ पण्डाल, पाल, गेट, मञ्चका साथै सजावटका लागि सम्पर्क गर्नुहोला
साथै बत्ती, जेनेटर र साउन्डसिष्टमका निम्ति समेत सम्झनुहोला ।

शुद्ध, सफा र स्वादिष्ट नेपाली भोजनका लागि सदैव सम्झनुहोला ।

त्रिवेणी भोजनालय
क्षेत्रपाटी, काठमाडौं | फोनः ४२५१९८४

संस्कृत, नेपाली एवम् हिन्दी भाषामा समेत वेद, पुराण, ज्योतिष, कर्मकाण्ड आदि विषयमा विभिन्न धार्मिक पुस्तकहरू चाहिएमा सधैं सम्झनुहोला !

दुर्गा धार्मिक पुस्तक पसल
पशुपति, काठमाडौं
सम्पर्कः ९८४१५२१३५३

Your Printing Solution

"गुणस्तरीय छपाई, सुपथ मुल्य"

किशोर अफसेट प्रेश प्रा. लि.
गोल्कोपाखा, ठमेल, काठमाडौ, फोनः ०१-४०२२५४४

पशुपति क्षेत्रका मठमन्दिर तथा परम्परागत पुरातात्विक संरचनाहरू बहुमूल्य सम्पति हुन् । यिनीहरूको संरक्षण र संवर्द्धन गर्नु हामी सबैको दायित्व हो ।

"पशुपति क्षेत्र सफा राखौं सभ्यताको परिचय दिऔं ।"

पशुपति क्षेत्र विकास कोष
PASHUPATI AREA DEVELOPMENT TRUST

गो.हु.का. (म.क्षे.हु.नि.द.नं.) १०/०६७/०६८

॥ श्री गणेशाय नमः ॥ ॥ पूर्ण शिवं धीमहि । ॥ ॐ नमः शिवाय ॥

मानव कल्याण एवम् विश्व शान्तिको लागि शिवमहापुराण महोत्सव

२०८०

हार्दिक ईश्वरीय निमन्त्रणा

अखिलब्रह्माण्ड, चराचरब्याप्त परम कृपालु आशुतोष भगवान् श्रीपशुपतिनाथ तथा आध्याशक्ति श्रीदक्षिणकाली माताको असीम कृपाले विश्वकल्याणार्थ भगवान् श्रीपशुपतिनाथ विराजित पावन पाशुपत क्षेत्रमा, नेपालका धार्मिक एवम् ईश्वरीय दैवी मातृ शक्ति स्वरूपा माता श्री श्री १००८ महामण्डलेश्वर सावित्री देवी माँ साध्वी ज्यूको कृत संकल्प अन्तर्गत पूज्य बालविदुषी देवी भवानी उपाध्याय ज्यूको मुखारविन्दबाट एकादश दिवशीय अलौकिक श्रीशिवमहापुराण कथाको अमृतसुधा निस्सरित हुने साथै उच्च कोटीका सन्त-महात्मा महापुरूषहरूको विशुद्ध एवम् दिव्य दर्शन आशीर्वचन र विश्व मानव जगतको कल्याण सहित विराट धार्मिक अनुष्ठान आयोजना हुने हुँदा सम्पूर्ण धर्मानुरागीहरूमा धार्मिक, आध्यात्मिक चिन्तन र जागरण अभियानमा सहभागिताको लागि हार्दिक ईश्वरीय निमन्त्रणा गर्दछौं ।

मिति

२०८० फागुन २ गते, बुधवार (Feb 14, 2024) देखि फागुन १२ गतेसम्म (Feb 15–Feb 24 2024) सम्म ।

स्थानः वनकाली प्राङ्गण (हंशमण्डप), पाशुपत क्षेत्र ।

आयोजक

ओम श्री मा दक्षिणकाली सेवा आश्रम नेपाल परिवार,

अन्तर्राष्ट्रिय सूर्यवशीं अखडा परिषद, विश्वशान्ति ध्यान केन्द्र

सम्पर्क सावित्री श्रेष्ठ (अध्यक्ष) ९८६२५९८६०६, देवी कार्की (उपाध्यक्ष) ९८६४४६४६०९, चन्दा गुरूङ्ग (सचिव) ९८६२०५७५८५ र कार्यालय सचिव ९८५१२६६६४४